# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १३८ | काठमाडौं | शनिबार, २२ भदौ २०८१ | Prabhab National Daily | Saturday, September 07, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–




हरितालिका तीज पर्वका अवसरमा शुक्रबार काठमाडौंको पशुपतिमा नाचगान गर्दै व्रतालु महिलाहरू । (थप तस्बिर पृष्ठ ३ मा) *तस्बिरः प्रदीपराज वन्त/रासस*

# जापानिज इन्सेफ्लाइटिस संक्रमणको जोखिम उच्च

- आगामी असोज १५ गतेसम्म संक्रमणको जोखिम
- परीक्षण गरिएका ६८० मध्ये ४२ जनामा यो रोगको संक्रमण पुष्टि
- कैलाली, चितवन, सर्लाही र सुनसरी जिल्लामा रोग संक्रमणबाट छ जनाको मृत्यु

**काठमाडौं (प्रस)**– स्वास्थ्य सेवा विभागले जापानिज इन्सेफ्लाइटिस संक्रमणको जोखिम उच्च रहेकाले सतर्कता अपनाउन आग्रह गरेको छ । विभागअन्तर्गतको परिवार कल्याण महाशाखा, बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले यही भदौ १५ गतेदेखि असोज १५ गतेसम्म जापानिज इन्सेफ्लाइटिस रोग संक्रमणको जोखिम उच्च रहेको बताए ।

उनका अनुसार सामान्यता साउनदेखि कात्तिकसम्म जापानिज इन्सेफ्लाइटिसको संक्रमण हुन्छ । 'यो 'क्युलेक्स' प्रजातिको लामखुट्टेले पानी जम्ने ठाउँमा फूल पार्ने समय भएकाले संक्रमणको उच्च जोखिम छ,' उनले भने, 'लामखुट्टेले सुगुर र हाँसलाई टोकेर आफूमा यो रोग सार्दछन् र संक्रमित लामखुट्टेले मानिसलाई टोकेपछि रोग लाग्छ ।' जापानिज इन्सेफ्लाइटिस मानिसबाट मानिसमा भने सर्दैन ।

डा. गौतमका अनुसार सन् २०२४ को जनवरीदेखि हालसम्म राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गरिएका ६८० मध्ये ४२ जनामा यो रोगको संक्रमण पुष्टि भएको छ । उनका अनुसार कैलाली, चितवन, सर्लाही र सुनसरी जिल्लामा रोग संक्रमणबाट छ जनाको मृत्यु भइसकेको छ । सामान्यतयाः लामखुट्टेले टोकेको छदेखि १६ दिनमा रोगका लक्षण देखापर्छन् ।

सरकारले सन् २०१६ बाट १२ महिना उमेर पुगेका बालबालिकालाई जापानिज इन्सेफलाइटिसविरुद्धको खोप दिँदै आएको छ । सन् १९९९ देखि २००६ सम्म केही उच्च जोखिम भएका जिल्लामा खोप दिने गरे पनि पछिल्लो समय सबै बालबालिकालाई उक्त खोप दिन सुरु गरिएको हो ।

शाखा प्रमुख डा. गौतमले १२ महिनामा खोप लगाउन छुटेका बालबालिकालाई पाँच वर्षसम्म खोप दिइने बताए । जापानिज इन्सेफ्लाटिस धेरैजसो १५ वर्ष उमेर समूहभन्दा मुनिका बालबालिकामा हुने गर्छन् ।

बेस्सरी टाउको दुख्ने, उच्च ज्वरो आउने, पक्षघात हुने, घाँटी कडा हुने, कम्पन हुनेजस्ता यस रोगका लक्षण हुन् । विभागले यसबाट बच्न झुल टाँगेर मात्रै सुत्न, हाँस, कुखुरा, सुगुरजस्ता जनावरलाई घरदेखि टाढा राख्न, घर बाहिर निस्कँदा वा खेतबारीमा काम गर्दा हात पूरै छोपिने गरी कपडा लगाउन, घरको झ्याल, ढोकामा जाली राख्न, घर वरिपरिका पानी जम्न खाल्डाखुल्डी पुर्नेलगायतका काम गर्न आग्रह गरेको छ ।

# आशा जगाउँदै कृषि औजार कारखाना

■ हिमाल लम्साल



**वीरगञ्ज (पर्सा)**– राष्ट्रिय अविष्कार केन्द्रका अध्यक्ष महावीर पुनलाई आफ्नो जीवनीसँग सम्बन्धित 'महावीर पुन, सम्झना, सपना र अविरल यात्रा' पुस्तक बिक्री गर्न भ्याइनभ्याइ छ । उनले बिहीबार बिहानदेखि वीरगञ्जको घण्टाघरबाट पनि पुस्तक बिक्री गर्ने कार्यमा अनवरतरूपमा दौडधुप गर्दै आइरहेका छन् । उनले दौडधुप गर्नुका पछाडि भने दुई दशकदेखि बन्द रहेको वीरगञ्जस्थित कृषि औजार कारखानालाई पुनःजीवन दिने उद्देश्यसहित आवश्यक स्रोतसाधन जुटाउन भन्दै कम्मर कसेर लागिरहेका छन् ।

'मलाई त अहिले पुस्तक बिक्री गर्न भ्याइनभ्याइ छ । वीरगञ्जको कृषि कारखानाका लागि स्रोत जुटाउनका लागि देशव्यापीरूपमा पुस्तक बिक्री गर्दै आइरहेको छु,' उनले भने, 'बिहीबारदेखि भने वीरगञ्जमै पुस्तक बिक्री गर्न आएको छु । कृषि औजार कारखानालाई जसरी भए पनि सञ्चालन गर्ने अठोटसहित लागिपरेका छौं । त्यसैले अहिले देशव्यापीरूपमा पुस्तक बिक्री अभियानसहित हिँडिरहेको छु ।'

अध्यक्ष पुन देशव्यापीरूपमा पुस्तक बिक्री गरेर कम्तीमा पनि कारखानाका लागि पुस्तकको छपाइ खर्च कटाएर २० करोड रूपैयाँको प्रबन्ध आफैं मिलाउने बताउँछन् । 'पुस्तक बेचेरै २० करोड रूपैयाँ उठाउने जिम्मेवारी आफैं लिन्छु । तर, त्यति रकमले मात्रै कारखानालाई चलायमान गराउन सकिँदैन,' उनले भने, 'मेरो अन्तर्राष्ट्रिय पदक र कास्कीको कालीकोटमा भएको २८ रोपनी जग्गा बेचेपछि कम्तीमा पनि १५ करोड रूपैयाँजति आउँला होला अनि त्यो कारखाना चलिहाल्छ ।'



> पुस्तक बेचेरै २० करोड रूपैयाँ उठाउने जिम्मेवारी आफैं लिन्छु । तर, त्यति रकमले मात्रै कारखानालाई चलायमान गराउन सकिँदैन । मेरो अन्तर्राष्ट्रिय पदक र कास्कीको कालीकोटमा भएको २८ रोपनी जग्गा बेचेपछि कम्तीमा पनि १५ करोड रूपैयाँजति आउँला होला, अनि त्यो कारखाना चलिहाल्छ ।
>
> ■ **महावीर पुन**
> **अध्यक्ष, राष्ट्रिय आविष्कार केन्द्र**

अध्यक्ष पुनले कृषि औजार कारखानालाई पूर्णरूपमा सञ्चालन गर्ने हो भने कम्तीमा पनि ६०/७० करोड रूपैयाँ खर्च गर्नुपर्ने बताए । 'केन्द्र आफैंले यो वर्षभित्रै पाँच करोड रूपैयाँ जतिको अत्याधुनिक मेसिन खरिद गर्ने तयारीमा जुटेको छ,' उनले भने, 'सरकारले पनि अत्याधुनिक खालका मेसिन खरिदमा सहयोगी भूमिका निर्वाह गरिदिएहुन्थ्यो । त्यसले कृषि औजार उत्पादनमा ठूलो महत्त्व राख्ने थियो ।'

अध्यक्ष पुनले सोभियत संघका पालामा सञ्चालनमा ल्याइएको कारखानामा निकै पुराना र म्यानुअल प्रकृतिका मेसिन रहेकाले पनि अत्याधुनिक खालका मेसिन थप गर्न आवश्यक रहेको बताए । 'कारखानामा छ दशकभन्दा पुराना खालका उपकरण र औजार रहेका छन् । ती उपकरण र मेसिनको प्रयोग गरेर उत्पादन गरिने औजारले बजारसँग प्रतिस्पर्धा गर्नै सक्दैनन,' उनले भने, 'अहिले त कम्प्युटर प्रणालीबाट चल्ने खालका 'सिएनसी' खालका अत्याधुनिक मेसिन ल्याएर औजार उत्पादन गर्नुपर्ने हुन्छ ।' केन्द्रले अहिलेसम्म कम्तीमा पनि एक लाख ३० हजारभन्दा धेरै पुस्तक बिक्री गरिसकेको छ । जसबाट हालसम्म पुस्तक छपाइको खर्च नकटाइकन साढे नौ करोड रूपैयाँभन्दा धेरै रकम संकलन गरिसकेको छ । उनले कम्तीमा तीन लाख पुस्तक बेच्ने लक्ष्य राखेका छन् । उनको एउटा पुस्तकको मूल्य ७५० रूपैयाँ तोकिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

# अस्वस्थ जीवनशैलीले बढाउँदै नसर्ने रोगको जोखिम

- ओपिडीमा आइपुग्ने धेरैजसो बिरामी उच्च रक्तचाप, मधुमेह, छाती दुख्ने, मुटुको समस्या
- नसर्ने रोगबाट वार्षिक चार करोड १० लाखले ज्यान गुमाउँछन् ज्यान
- नसर्ने रोगबाट मर्ने ७७ प्रतिशत निम्न तथा मध्यम आय भएका देशका



■ बुनु थारू

**काठमाडौं**– नसर्ने रोग विश्वमै जटिल बन्दै गइरहेको छ । विश्वव्यापीकरण, सहरीकरण, जनसंख्या वृद्धि तथा जीवनशैलीमा आएको परिवर्तन तथा वातावरणीय प्रदूषणलगायत कारणले नसर्ने रोगको जोखिम बढ्दै गइरहेको विज्ञ बताउँछन् । उनीहरूका अनुसार अस्वस्थ जीवनशैलीका कारण क्यान्सर, मधुमेह, मुटुरोग, दमलगायतका रोग बढ्दो क्रममा छ ।

मुटुरोग विशेषज्ञ डा. राजेन्द्र कोजु ओपिडीमा आइपुग्ने धेरैजसो बिरामीमा उच्च रक्तचाप, मधुमेह, छाती दुख्ने, मुटुको समस्या देखिन्छ । यी सबै नसर्ने रोग हुन् । स्वस्थ खानपान तथा व्यायामले शरीर तन्दुरुस्त हुन्छ भन्ने चेत हुँदा पनि धेरै जनाले यसलाई बेवास्ता गरिरहेको उनको अनुभव छ । खानेकुरामा अनुशासन नहुँदा बालबालिकामा पनि मोटोपन बढ्दो छ । 'धेरै चिल्लो र गुलियो खाने तर शारीरिक व्यायाम छैन अनि बोसो जम्छ । अर्कातिर प्रदूषणले पनि धेरैलाई रोगी बनाउँदै लगेको छ,' डा. कोजु भन्छन् ।

### नसर्ने रोगबाट वार्षिक चार करोडको मृत्यु

विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) का अनुसार नसर्ने रोगबाट वार्षिक चार करोड १० लाखले ज्यान गुमाउने गरेका छन् । जुन विश्वव्यापीरूपमा हुने मृत्युको ७४ प्रतिशतबराबर हो । हरेक वर्ष एक करोड ७० लाख मानिस नसर्ने रोगबाट ७० वर्षको उमेरभन्दा अगावै नै ज्यान गुमाइरहेका छन् । नसर्ने रोगबाट मर्ने ७७ प्रतिशत निम्न तथा मध्यम आय भएका देशका छन् ।

कार्डियो भास्कुलर रोग (सिभिडी) बाट वार्षिक एक करोड ७९ लाख, क्यान्सरबाट ९३ लाख, क्रोनिक रेस्पिरेटिरीबाट ४१ लाख मानिसले वार्षिकरूपमा ज्यान गुमाउने गरेका छन् । नसर्ने रोगको मुख्य कारक अस्वस्थ्यकर जीवनशैली नै देखिएको छ । सुर्तीजन्य पदार्थको सेवन, शारीरिक व्यायामको कमी, मद्यपान तथा धूमपान, अस्वस्थकर खानपान, वायु प्रदूषणले नसर्ने रोग निम्त्याउन अहम् भूमिका खेलिरहेका छन् । नसर्ने रोगले लामो अवधि र साधारणयता सुस्त गतिमा प्रभाव पार्ने गर्छ ।

विश्व स्वास्थ्य संगठनको सहयोगमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०१९ मा गरेको एक अध्ययनका अनुसार ७१ प्रतिशतभन्दा बढी नागरिकले नसर्ने रोगका कारण ज्यान गुमाउनुपरेको छ ।

### रोकथाममा ध्यान दिन आवश्यक

एक व्यक्तिबाट अर्को व्यक्तिमा नसर्ने दीर्घरोग, सूक्ष्म जीवाणु माध्यमबाट नहुने रोगलाई साधारणतया नसर्ने रोग भन्ने गरिन्छ । यो रोगबाट जुनसुकै उमेरका व्यक्तिहरू प्रभावित हुन सक्छन् । उपचारात्मकभन्दा रोकथाममा नै सुरुमा ध्यान दिन सके नसर्ने रोगबाट बच्न सकिन्छ ।

मधुमेह रोग विशेषज्ञ डा. ज्योति भट्टराई भन्छन्, 'वंशाणुगतबाहेक जंक फुड, व्यायाम नहुनु, दुब्लो देखिँदा पनि कलेजोमा बोसो थुप्रिएको हुन्छ जसलाई हामी 'फ्याटी लिभर' भन्छौं त्यो धेरैमा छ । सन्तुलित भोजनको कमी, गुलियो पेयपदार्थले चिनी रोग बढिरहेको देखिन्छ । यसबाट कालान्तरमा किड्नी फेल, खुट्टा काट्ने अवस्था, हृदयघातजस्ता समस्या आउन सक्छन् ।'

उनले नसर्ने रोग लाग्न नदिन विद्यालयस्तरबाट विद्यार्थीलाई सचेत गराउने र अभिभावकलाई पनि जनचेतना प्रदान गर्न आवश्यक रहने बताए । नियमित व्यायाम गर्ने, रेसायुक्त खाना खाने, प्रशोधित खाना नखाने, घरमै पाकेको खाना खानाले चिनी रोगलगायत नसर्ने रोगबाट बच्न सकिने उनको सुझाव छ ।

(क्रमशः पृष्ठ २ मा)




**पृष्ठ १ बाट क्रमशः**

# आशा जगाउँद...

तत्कालीन सोभियत संघको आर्थिक र प्राविधिक सहयोगमा वीरगञ्जस्थित कृषि औजार कारखाना सञ्चालनमा ल्याइएको थियो । कारखाना २०२४ फागुन २८ गते सञ्चालनमा आएको थियो । कारखानाले सुरुआती चरणमा कृषि औजारको उत्पादन गरेर स्वदेशमा मात्रै होइन, विदेशमा निर्यात गर्दै आइरहेको थियो । तर, कारखाना व्यवस्थापनमा भएका कमीकमजोरीले अन्ततः २०५९ सम्म आइपुग्दा कारखाना बन्द हुने अवस्थामा आइपुग्यो ।

२०५९ चैत ४ गते बसेको मन्त्रिपरिषद्को बैठकले कारखाना खारेज गर्ने निर्णय गरेको थियो । सो निर्णयसँगै कारखाना दुई दशकसम्म कारखाना अलपत्र अवस्थामा रहिरहचो । २०७९ भदौ ३१ गते बसेको मन्त्रिपरिषद्को बैठकले दुई दशकदेखि बन्द अवस्थामा रहेको कृषि औजार कारखानाको व्यवस्थापन र सञ्चालनका लागि राष्ट्रिय अविष्कार केन्द्रलाई १० वर्षका लागि उपलब्ध गराउने निर्णय गरेसँगै कृषि औजार कारखाना फेरि चर्चामा आएको हो ।

२०७९ असोज ११ गते अर्थ मन्त्रालयका तत्कालीन सहसचिव रमेश केसी र राष्ट्रिय अविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले सम्झौतामा हस्ताक्षर गरेका थिए । तर, केन्द्रले औपचारिकरूपमा काम सुरु भने २०७९ माघ महिनामा मात्रै थालेको हो । पुन नेतृत्वको केन्द्रको काँधमा कृषि औजार कारखाना आउँदा कारखानाको अवस्था भने निकै दयनीय अवस्थामा थियो ।

वीरगञ्जस्थित कृषि औजार कारखानाका इञ्चार्ज तथा इन्जिनियर रितेश देव अविष्कार केन्द्रले कारखानाको जिम्मेवारी लिँदा कारखाना भूतबंगला जस्तै भएको स्मरण गर्छन् । 'दुई दशकदेखि बन्द भएको कारखानाभित्रै पीपलका बोट उम्रिएका थिए । जतातत्तै माकुरोले जालो लगाएर हेर्नै नसकिने अवस्था थियो,' उनले भने, 'कारखाना त भूतबंगलाजस्तै थियो । सुरुआती चरणमा त कसरी काम गर्न सकिएला र भन्ने लागेको थियो ।'

इञ्चार्ज देव कारखानामा भएका अधिकांश पुराना मेसिनलाई मर्मतसम्भार गरेर चल्नसक्ने बनाएको बताउँछन् । 'कारखानामा साना ठूला गरेर ५५ वटा मेसिन रहेका छन् । तीमध्ये अहिले ५० वटा मेसिन चल्ने भइसकेका छन्,' उनले भने । अहिले केन्द्रमा १५ जना कर्मचारीले नियमितरूपमा काम गर्दै आइरहेका छन् ।

### केन्द्रमा यस्ता औजार बने

केन्द्रले दुई दशकदेखि बन्द भएको वीरगञ्जस्थित कृषि औजार कारखाना जिम्मा लिएको २३ महिनाकै अवधिमा डेढ दर्जनजति कृषि औजार अनुसन्धान र विकास गरेर परीक्षण गरिसकेको छ । तर, केन्द्रलाई सुरुआती छ महिना समय त जीर्ण र अस्तव्यस्त रहेको कारखानाको सरसफाइ र मेसिन मर्मतसम्भारमा खर्च गर्नुपरेको थियो ।

कृषि औजार कारखाना वीरगञ्जका इञ्चार्ज देवले केन्द्रले छोटो अवधिमा नै डेढ दर्जनजति कृषि औजार अनुसन्धान र विकास गरेको दाबी गरे । 'हामीले गोबरबाट पानी निकाल्ने मेसिनको सफलतापूर्वक परीक्षण गरिसकेका छौं,' उनले भने, 'यो मेसिन व्यावसायिकरूपमा गाईभैंसीपालन गर्ने कृषकको आग्रहमा निर्माण गरेका हौं । यस्तै प्रकृतिको मेसिन भारतमा पाँच लाख रूपैयाँभन्दा धेरै पर्ने रैछ । तर, हामीले तीन लाख ६० हजार रूपैयाँमै तयार पारेका छौं ।'

केन्द्रले पराल काट्ने मेसिन, धान काट्ने मेसिन (रिपर), दाना बनाउने मेसिन, धान रोप्ने सानो मेसिन (रिपर), घाँस खुर्किने, डचाङ बनाउने मेसिन, खाल्डो खन्ने हाते औजार, आलु रोप्ने, आलु गोड्ने, साना ट्र्याक्टरमा राख्ने कल्टिभेटर, हाते प्रेस मेसिन, प्लास्टिक ओछ्याउने र केराको फाइबर निकाल्ने, हाते औजारमा बञ्चरो, खुँडा, सानो कुटोकोदालीलगायत घरासयी प्रयोजनमा प्रयोग हुने कृषि औजार तयार पारिसकेको छ ।

केन्द्रका अध्यक्ष पुनले पछिल्लो एक वर्षको अवधिमा निर्माण गरेर परीक्षण गर्दै आइरहेको मेसिन भएको बताए । 'केन्द्रले १०-१२ थरिका उपकरण अबको छ महिनाभित्र व्यावसायिकरूपमा उत्पादन गर्ने छ,' उनले भने ।

### स्वदेशी उत्पादितभन्दा आयातीतलाई भन्सार छुट

केन्द्रका इञ्चार्ज देवले कृषि औजार निर्माणका लागि आवश्यक पर्ने कच्चा फलामको मूल्यभन्दा तयारी अवस्थाको कृषि उपकरण सस्तो हुँदा पनि औजार निर्माण खर्चिलो हुने गरेको गुनासो गरे । 'तयारी अवस्थाका कृषि औजारमा एक प्रतिशतमात्रै भन्सार शुल्क लाग्ने गर्छ । तर, औजार निर्माणका लागि आवश्यक पर्ने फलामलगायत कच्चापदार्थको आयातमा कम्तीमा पनि २० प्रतिशत पर्न जाने गर्छ,' उनले भने, 'विदेशीमा बनाइएको तयारी कृषि औजारसँग स्वदेशमा निर्माण गर्ने औजारले प्रतिस्पर्धी बनाउन गाह्रो भइरहेको छ,' उनले भने । यसले पनि उत्पादनमा धेरै समस्या ल्याइरहेको छ ।

साउनको तेस्रो साता कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीसहितको टोली कारखानाको अवलोकन गरेपछि मन्त्रालयमा आवश्यक छलफल गरेर उपयुक्त निर्णय गर्ने प्रतिबद्धता व्यक्त व्यक्त गरेका थिए । 'आविष्कार केन्द्रले जिम्मा लिएपछि यसको जीर्णोद्धार भएको छ तर यो कारखाना पूर्णरूपमा सञ्चालनमा आउन सकेको छैन,' उनले भने, 'कृषि औजार कारखानालाई पूर्णक्षमतामा सञ्चालन गरी नेपाली किसानलाई आवश्यक कृषि औजारको उत्पादन गरी स्वदेशी कृषि औजारको प्रयोगमा बढोत्तरी गराएर देशभित्र प्रयोग हुने कृषि औजारमा आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न आवश्यक सहयोग पुऱ्याउने विश्वास लिएको छु ।' *रासस*

• • •

# अस्वस्थ जीवनशैलीले...

नसर्ने रोग यदि प्रारम्भिक अवस्थामै पत्ता लगाइ सोही समयमै व्यवस्थापन गर्न सकेमा यसले भविष्यमा निम्त्याउने जटिलता र अकाल मृत्यु हुनबाट बच्न सकिन्छ । बाल्यावस्था तथा युवावस्थामा स्वस्थकर जीवनशैली अपनाएमा वयस्क/वृद्ध अवस्थामा गएर नसर्ने रोग लाग्नबाट बच्न सकिने विज्ञ बताउँछन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको नसर्ने तथा मानसिक रोग स्वास्थ्य शाखा प्रमुख डा. पोमावती थापा धूमपान, मद्यपान, शारीरिक निस्क्रियता, प्रशोधित खाना नै नसर्ने रोगको प्रमुख कारक रहेको बताउँछिन् ।

उनले सरकारले नसर्ने रोगको रोकथामका लागि सबै जिल्लामा पेन प्रोग्राम (प्याकेज अफ इसेन्सियल नन कम्युनिकेबल डिजिज) ल्याएको बताइन् । डा. थापा भन्छिन्, 'समुदायस्तरमा नसर्ने रोगको पहिचान, स्क्रिनिङ र उपचार गर्न यो कार्यक्रम ल्याइएको हो । पाठेघर क्यान्सर स्क्रिनिङ तथा एचपिभी खोप पनि सरकारले सुरु गरिसकेको छ । त्यसैगरी जटिल, दीर्घ, बालबालिका र किशोरकिशोरीमा लाग्ने नसर्ने रोगको रोकथाम गर्न पेन प्लस कार्यक्रम पनि ल्याएका छौं । त्यो छ जिल्लामा लागू भएको छ । नसर्ने रोगको रोकथाम तथा नियन्त्रण गर्न बहुक्षेत्रीय समन्वयको आवश्यकता रहेको उनको भनाइ छ ।

मुटरोग विशेषज्ञ डा. कोजुले स्वस्थ्य जीवनशैली अपनाउन अभिभावकले आफैं पनि अनुसरण गरेर आफ्ना बालबालिकालाई सिकाउनुपर्ने धारणा राखे । 'मोबाइल हेर्ने बानीले एकोहोरिने हुन्छ जसले गर्दा स्ट्रेस लेभल पनि बढ्दै गएको देखिन्छ । स्वस्थ्यकर खानाजस्तै तरकारी, फलफूल खानुपर्छ । गुलियो पेयपदार्थ कम खाने । व्यायाम र धूमपानबाट टाढा रहे धेरै रोगबाट बच्न सकिन्छ,' डा कोजु भन्छन् । उनकाअनुसार मोबाइल टिभीमा लत लगाउनुभन्दा खेलकुदमा अभिभावकले ध्यान दिनुपर्छ । भन्छन्, 'राज्यले पनि स्कुलको पाठ्यक्रममा वा स्वस्थ जीवनशैलीसम्बन्धी पैरवी गर्नुपर्छ साथै व्यायाम गर्ने ठाउँको निर्माण गर्दिनुपर्छ ।'

नसर्ने रोगको बढ्दो प्रकोपका कारण विश्व नै आक्रान्त भइरहेका बेला नेपालले यसलाई व्यवस्थित रूपमा रोकथाम र नियन्त्रण गर्न नसर्ने रोगसम्बन्धी बहुक्षेत्रीय कार्ययोजना (सन् २०२१-२०२५) बनाएको छ । नेपालले नसर्ने रोगका कारणले अल्पायुमा हुने मृत्यु सन् २०२५ सम्ममा २५ प्रतिशतले घटाउने लक्ष्य लिएको छ । त्यसैगरी दिगो विकास लक्ष्यलेसमेत एक तिहाइले नसर्ने रोगका कारणले हुने मृत्यु घटाउने लक्ष्य लिएको छ । *रासस*

# प्रहरी प्रशिक्षण प्रतिष्ठान र त्रिविबीच समझदारी




**काठमाडौं (प्रस)–** नेपाल प्रहरीमा राजनीतिशास्त्रमा स्नातकोत्तर तह सञ्चालन सम्बन्धमा सहकार्य गर्न राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान र त्रिभुवन विश्वविद्यालयबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवर र त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका डीन प्रा.डा. डिल्लीराज शर्माले प्रहरी प्रधान कार्यालयमा शुक्रबार उक्त समझदारीपत्रमा हस्ताक्षर गरे ।

सो अवसरमा प्रहरी महानिरीक्षक कुँवरले वरिष्ठ प्रहरी अधिकृतको वृत्तिविकास र नेतृत्व विकास कोर्षको रूपमा रहने उक्त कार्यक्रम तथा यसमा समाहित विषयले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा देखापरेका नवीनतम् परिवेशअनुरूप कार्यसम्पादन गर्न सक्ने व्यावसायिक र सक्षम जनशक्तिको विकास हुने अपेक्षा लिइएको बताए ।

उनले संगठनको नेतृत्व तहमा पुग्ने क्षमता भएका अधिकृतको क्षमता र दक्षतालाई अभिवृद्धि गर्दै विद्यमान बढुवा प्रणालीलाई समेत पारदर्शी र अनुमानयोग्य बनाउन सहयोगी हुने बताए । उनले यस समझदारीले नेपाल प्रहरी र त्रिभुवन विश्वविद्यालयबीचको सम्बन्धलाई थप प्रगाढ बनाउनुका साथै दुवै निकायले शान्ति, सुरक्षा एवं सुशासनको क्षेत्रमा निर्वाहित उत्तरदायित्वको दायरा अझ फराकिलो बनाएको विश्वास व्यक्त गरे ।

त्रिवि, व्यवस्थापन संकायका डीन प्रा.डा. शर्माले समझदारीले प्रहरी अधिकृतको क्षमता विकासमा उल्लेखनीय योगदान पुग्ने चर्चा गरे । उनले आगामी दिनमासमेत थप सहकार्य र समन्वय हुने विश्वास व्यक्त गरे । समझदारीपत्रमा अक्षयकोष, एमपिएस कार्यक्रम सञ्चालन, शैक्षिक क्यालेण्डर, विभिन्न शुल्क, विद्यार्थीको विवरण, कोर्षको प्रभाव अध्ययन, शाखा स्थापना एवं विविध कार्य, निरीक्षण र निर्देशन, परीक्षा व्यवस्थापन, परीक्षा केन्द्र, त्रिभुवन विश्वविद्यालय पुस्तकालय तथा सुविधा प्रयोगलगायत विषय उल्लेख गरिएको छ ।


## बहराइनमा रोजगार

कम्पनी : ALNESEF AL AAKHER SALON

पूर्व स्वीकृति मिति : २०८१/०५/२० LT. No. 310329 चलानी नं. ६०२२४८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BEAUTICIAN | 0 | 08 | 150 | ५३,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २९ गते (14th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1569/079/80

Eminence Recruitment International Pvt Ltd

Bhimsengola-31, Prayagmarg, Kathmandu Tel no: 01-4110036, 4110040, 9851164154, 9849964370 9803193977 Email : info@eminencenepal.com, Website : ww.eminencenepal.com



## कुवेत/युएईमा रोजगार

कम्पनी : BENCHMARK COMPANY FOR GENERAL BUILDING CONTRACTING

पूर्व स्वीकृति मिति २०८१/०५/२० LT No. 310204 चलानी नं ६०२२४८७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 25 | 0 | 120 | ५२,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | LABOUR INDOOR | 20 | 0 | 100 | ४३,८२५ | | | | | | | |
| 3 | Painter | 25 | 0 | 120 | ५२,७९० | | | | | | | |

कम्पनी : AL ENMA FACTORY COMAPNY FOR THE PRODUCTION OF PLASTC PIPES

पूर्व स्वीकृति मिति: २०८१/०२/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/२१ LT No.306072 चलानी नं: ६०२२०७९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 6 | 0 | 100 | ४३,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Factory Labor | 5 | 0 | 100 | ४३,८२५ | | | | | | | |
| 3 | Welder (Black Smith) | 6 | 0 | 120 | ५२,५९० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

कम्पनी : B R K INTERIOR DECORATION LLC

पूर्व स्वीकृति मिति २०८१/०५/२० LT No. 310318 चलानी नं ६०२२४८७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४३,८३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason (GCC) | 1 | 0 | 1200 | ४३,८३७ | | | | | | | |

कम्पनी : BETA TRANSPORT LLC PPO

पूर्व स्वीकृति मिति : २०८०/११/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/२१ LT No.301298 चलानी नं : ६०२१६१५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labourer | 30 | 0 | 900 | ३२,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २९ गते (14th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७५१/०६४/०६५

Dubai Overseas International Pvt. Ltd.

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351

Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०५/२२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ९८ को १०८६.९३ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा २.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**सुर्योदय सामुदायिक वन उपभोक्ता समूह**
**बकैया-४, मकवानपुर**



## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०५/२२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट उत्पादन भइ जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ३८ को ४५६.४० घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**वन ठाकुर सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-३, मकवानपुर**



## साउदीमा रोजगार

कम्पनी : ABDULLAH A AL BARRAK & SONS CO
शहर : Jubail

पूर्व स्वीकृति मिति : २०८१/०५/२१ LT. No. 310313 चलानी नं. ६०२२४८९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 50 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ABDULLAH A AL BARRAK & SONS CO

पूर्व स्वीकृति मिति : २०८१/०५/२१ LT. No. 310312 चलानी नं. ६०२२४८८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 50 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०५/२१ LT. No. 310311 चलानी नं. ६०२२४८८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Helper | 5 | 0 | 1000 | ३५,५३५ | | | | | | | |
| 3 | Pipe And Boiler Insulation Worker | 10 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २९ गते (14th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD.

श्रम ईजाजत नं. ११८२/०७३/७४ Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**शनिबार, २२ भदौ, २०८१**

| | |
|---|---|
| **मेष** | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ |
| **वृष** | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |
| **मिथुन** | मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ । |
| **कर्कट** | परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| **सिंह** | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |
| **कन्या** | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| **तुला** | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| **वृश्चिक** | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| **धनु** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| **मकर** | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| **कुम्भ** | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| **मीन** | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्ड्स् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२२ भदौ, २०८१ (०७ सेप्टेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४७.९८ | १४८.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.९६ | १७६.७५ |
| स्विस फ्रेन्क | १ को | १५७.४३ | १५८.१४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.२६ | ९०.६६ |
| क्यानाडियन डलर | १ को | ९९.०१ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०२.३९ | १०२.८४ |
| जापानी येन | १० को | ९.१८ | ९.२२ |
| चिनियाँ युआन | १ को | १८.८२ | १८.९१ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ३.९१ | ३.९३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.६९ | ३०.८३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १३.०१ | १३.०७ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३८.६८ | ४४०.६४ |
| बहराइन दिनार | १ को | ३५५.६४ | ३५७.२४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तीजको लहर...

























१) हरितालिका तीज पर्वका अवसरमा शुक्रबार काठमाडौंको पशुपतिनाथ मन्दिरमा भगवान् शिवको पूजा आराधना गर्दै भक्तजन ।
२) तीजको दिन शुक्रबार पशुपतिनाथ मन्दिरमा भगवान् शिवको पूजा आराधना एवं दर्शन गर्न आउँदै वृद्धा ।
३) शुक्रबार पशुपतिनाथ मन्दिरमा भगवान् शिवको पूजा आराधना गर्न आएका भक्तजनको भीड ।
४) हरितालिका तीज पर्वका अवसरमा शुक्रबार बाँकेको नेपालगञ्जस्थित प्रशिद्ध शक्तिपीठ बागेश्वरी मन्दिरमा पूजा गर्न लामबद्ध भक्तजन ।
५) तनहुँको बन्दीपुर गाउँपालिका-४ मा जारी 'तीज सप्ताहन्न उत्सव'मा शुक्रबार सर्वसाधारणको भीड ।
६) हरितालिका तीज पर्वका अवसरमा शुक्रबार धनगढीको कृष्णनगरस्थित एक स्थानीयको घरमा पूजा आराधना गर्दै व्रतालु महिला ।
७) हरितालिका तीज पर्वका अवसरमा शुक्रबार जनकपुरधामको शिवमन्दिरमा भगवान् शिवको पूजा आराधना गर्दै भक्तजन ।
८) दाङको तुलसीपुर उपमहानगरपालिका-१८ स्थित जनता संस्कृत माध्यामिक विद्यालय परिसरमा मिलिजुली सरसफाइ समितिले हरितालिका तीज पर्वका अवसरमा शुक्रबार आयोजना गरेको बृहत् नाचगान कार्यक्रममा नाच्दै महिलाहरु ।

*तस्बिरहरुः रासस*

# वृक्षरोपण गरेर मनाइयो तीज

**कर्णाली (प्रस)–** तीजको अवसरमा चन्दननाथ नगरपालिका-५ जुम्लामा अवस्थित एसिया इन्टरनेसनल इङ्लिस स्कुलका शिक्षिकाहरूले सोही नगरपालिकाको वडा नं १ स्थित नांगो डाँडामा वृक्षरोपण गरेका छन् । उक्त स्कुलमा अध्यापनरत शिक्षिका अनुशा महतले विरह पोख्ने या त महँगो एवं भड्किलो बनाउनेभन्दा सिर्जनशील तरिकाले मनाउने संस्कृतिका रूपमा तीज पर्वको विकास गर्नुपर्ने तर्क गरिन् ।



'हरेक मान्छेलाई खुसी एवं सुखी भएको महसुस गर्न स्वस्थ जीवन र शान्त वातावरण अपरिहार्य हुन्छ। अखाद्य वस्तुको सेवन र महँगो सामानको पहिरनबाट स्वस्थ जिन्दगानी बन्न सक्दैन,' उनले भनिन्, 'मानव र प्रकृतिबीचको सुमधुर सम्बन्धले मात्र मानवजीवन, स्वस्थ, शान्त र खुसी हुनसक्छ । त्यसलाई केन्द्रमा राखेर तीजको अवसरमा हामीले पर्यावरण जोगाउन वृक्षरोपण गरेका हौं । यसैमा हामीलाई खुसी मिलेको छ ।'

लामो समयदेखि महिला तथा बालबालिका क्षेत्रमा काम गर्दै आएकी दिलमाया शाहीले तीज पर्वमा आदिम र अत्याधुनिक कालभन्दा पर रहेर मनाउँदा सुसंस्कृत एवं सभ्य समाज निर्माणमा सहयोग पुग्ने बताइन् । आदिमकालजस्तो महिलालाई पितृसत्ताले दिएको गलत उपमा 'नारी ताड्नाकी भारी' भन्ने कथ्य र आधुनिकताका नाममा छाडा एवं अराजक गतिविधि रूपान्तरित समाजका लागि पाच्य नहुने उनको भनाइ छ ।

शाहीले भनिन्, 'तीज महिलाले आफ्नो रोजाइमा मनाउने पर्व हो । पर्व मनाउन पाउनु उनीहरूको अधिकार हो । यद्यपि अधिकारका नाममा अराजकता, द्वेष भाव फैलाउन पाउने छुट हाम्रो सामाजिक संरचनामा कसैलाई छैन र हुनुहुँदैन ।

# तीन लाख व्रतालुले गरे पशुपतिनाथको दर्शन

**काठमाडौं (प्रस)–** हिन्दू नेपाली नारीको महान् पर्व हरितालिका (तीज) का अवसरमा पशुपतिनाथ मन्दिरमा करिब तीन लाख भक्तजनले दर्शन एवं पूजा आराधना गरेका छन् ।

शुक्रबार यो समाचार तयार पार्दासम्म करिब तीन लाख भक्तजनले मूल मन्दिरभित्र प्रवेश गरी दर्शन गरेको पशुपति क्षेत्र विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिए ।

शुक्रबार बिहान ३ बजेदेखि नै पशुपतिनाथका चारवटै ढोका खोलिएको थियो। बिहान केहीबेर झरीले भक्तजनलाई लाममा बस्न असहज भएको थियो । झरी रोकिएपछि धेरै भक्तजन पशुपति क्षेत्र प्रवेश गरी लाम लागेका थिए । तीजका लागि कोषले बाहिरबाट चारवटा लामको व्यवस्था गरिएको थियो ।

मूल मन्दिरभित्र प्रवेश गरिसकेपछि एउटा ढोकामा दुईदेखि तीन लामको व्यवस्था गरिएको उनले बताए । पर्वका अवसरमा मूल मन्दिरभित्र करिब ६०० महिला प्रहरीमात्र खटाइएको थियो । कोषले तीजका अवसरमा शुक्रबार व्रतालु महिलालाई मात्र प्रवेश गराएको थियो । धेरैभन्दा धेरै महिला व्रतालुलाई पशुपतिनाथको दर्शन गराउने उद्देश्यले विशेष पूजाको रसिद पनि नकाटिएको कोषका कोषाध्यक्ष नारायणप्रसाद सुवेदीले जानकारी दिए ।


## कुवेत/युएईमा रोजगार

कम्पनी : GRITA FOR READY MADE GARMENTS, SHOES AND BAGS AND GIFTS & ACCESSORIES
शहर : Al-Qibla

पूर्व स्वीकृति मिति : २०८१/०५/२० LT. No. 310280 चलानी नं.६०२२४८७२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Sales Girls/cashier | 0 | 1 | 150 | ६६,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FREESIA BEAUTY CENTER - L.L.C - S.P.C

पूर्व स्वीकृति मिति : २०८१/०५/२१ LT. No. 310348 चलानी नं.६०२२४८९२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Hairdresser | 0 | 2 | 1500 | ५४,८९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Messenger | 0 | 1 | 1500 | ५४,८९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ २९ गते (14th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## साउदीमा रोजगार

कम्पनी : SAMAHA AL HAZM FOODSTUFF GROCERY
शहर : Dammam

पूर्व स्वीकृति मिति : २०८१/०५/२० LT. No. 310316 चलानी नं.६०२२४८७५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Loading & Unloading Workers | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAMAHA AL HAZM FOODSTUFF GROCERY

पूर्व स्वीकृति मिति : २०८१/०५/२० LT. No. 310316 चलानी नं.६०२२४८७४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Loading & Unloading Workers | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ २९ गते (14th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नंः १२६०/०७४/७५

Alfarooque Overseas Pvt .Ltd.
Basundhara, (Infront of police station), Kathamandu, Nepal
Phone No: 01- 4961373 Mobile : 9843653970, 9851279430
E-mail.: Farukkhan650@gmail.com, www.alfarooqueoverseas.com

# मासिँदै कालीगण्डकीको जलसभ्यता



कालीगण्डकीको मुक्तिनाथबाट देवघाटसम्मको क्षेत्र अत्यन्त पावन क्षेत्र मानिन्छ । यस नदीबाट हजारौं हेक्टर भूमि सिञ्चित भएको छ । कालीलाई थुनेर ठाउँठाउँमा विद्युत् ऊर्जा निकालिएको छ । नेपालको सबैभन्दा ठूलो भनेर चिनिने कालीगण्डकी हाइड्रोपावर पनि यसै नदीमा रहेको छ ।

**धु्रवसागर शर्मा/म्याग्दी**

सडक, ढल, जथाभावी गरिएको उत्खनन र मानवीय अतिक्रमणका कारण कालीगण्डकी (कालीगंगा) को जलसभ्यता संकटमा पर्दै जान थालेको छ । धार्मिक, सांस्कृतिक र जैविक महत्त्वले युक्त, बहुमूल्य शिला शालिग्राम पाइने विश्वकै एकमात्र नदी कालीगण्डकीको उचित व्यवस्थापन र संरक्षण नहुँदा जलसभ्यता संकटमा पर्न थालेको हो ।

पवित्र कालीगण्डकी नदीको प्राकृतिक रूप पछिल्ला केही वर्षयता नासिँदै गएको छ भने गंगाजल (नदीको पानी) पनि प्रदूषित हुँदै गएपछि नदीको निर्मलस्वरूप संकटमा परेको सरोकार भएकाहरूले बताएका छन् । मुस्ताङको सदरमुकाम जोमसोमबाट म्याग्दीको सदरमुकाम बेनी हुँदै गुल्मीको रिडीसम्म पुग्दा कालीगण्डकीको निर्मल जलमा सहरबजारका ढल मिसाइँदा गंगाजल प्रदूषित बन्दै गएको 'कालीगण्डकी बचाउँ अभियान'का अभियन्ता सागरजीवी उपाध्यायले बताए ।

बहुचर्चित कालीगण्डकी करिडोरअन्तर्गतको बेनी-जोमसोम-कोरला खण्डको स्तरोन्नति थालिएसँगै सडक विस्तार गर्ने क्रममा निस्किएका ढुंगा, माटो, ग्रेगर तथा बर्सेनि आउने बाढीपहिरोका कारण पवित्र नदीको मौलिक स्वरूपमा परिवर्तन आएको वातावरण संरक्षणकर्मीहरूले बताएका छन् ।

हिमालपारिको जिल्ला मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने उक्त ७६ किलोमिटर खण्डको विभिन्न ठाउँमा पहिरो गएर साँघुरो भएपछि सडक विस्तार गर्ने नाममा त्यहाँका ढुंगा र ग्रेगरहरू कालीगण्डकीमा खसाल्ने गरिएकाले नदी प्रदूषित बन्दै गएको अभियन्ता उपाध्यायले उल्लेख गरे । डोजर र स्काभेटरले जथाभावी उत्खनन गर्दा कालीगण्डकी नदीको जलचक्र प्रणाली खल्बलिँदै गएको उनको भनाइ छ ।

बालुवा, ढुंगाजस्ता नदीजन्य पदार्थको अनियन्त्रित उत्खननका कारण नदीले आफ्नो मौलिक र प्राकृतिक धार परिवर्तन गर्नुका साथै त्यहाँका जलचर प्राणी बसाइँ सर्दै गएपछि नदीको जलचक्र प्रणाली खल्बलिएको वातावरण संरक्षणकर्मी हरि सिग्देलले बताए । सर्वोच्च अदालतले नदी उत्खनन, नदीमा फोहर विसर्जन नगर्न अन्तरिम आदेश जारी गरिसकेको भए पनि यी कार्यहरू अझैसम्म नरोकिएका गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताए । नदीको जलचक्र प्रणाली परिवर्तन हुँदा प्राकृतिक र मानवीय संकट बढ्दै गएको उनको भनाइ छ ।

नदीले मौलिक धार परिवर्तन गर्दा बाढी र पहिरोको जोखिम बढ्नाका साथै तटीय क्षेत्रका बस्तीहरू थप जेखिममा पर्दै जान थालेका छन् । नदी साविकको भन्दा गहिरो र साँघुरो बन्दै गएको दानाका व्यवसायी इन्द्रमान शेरचनले बताए । उनका अनुसार जलचक्र प्रणालीमा आएको परिवर्तनले बाढी, पहिरो र नदी कटानको जोखिम उच्च रूपमा बढ्दै गएको छ । कालीगण्डकी नदीको प्राकृतिक बहाव र पर्यावरण प्रतिकूल हुनेगरी कुनै पनि कार्य नगर्न/नगराउन सर्वोच्च अदालतले दुई वर्षअघि २०७९ साउनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेतलाई अन्तरिम आदेश दिएको थियो ।

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको एकल इजलासले विवादको अन्तिम आदेश नभएसम्मका लागि कालीगण्डकी नदीको प्राकृतिक बहाव र पर्यावरण प्रतिकूल हुनेगरी कुनै कार्य नगर्न/नगराउन मन्त्रिपरिषद्को कार्यालयसमेतलाई अन्तरिम आदेश दिएको हो ।

**यस्तो छ कालीगण्डकीको महत्व**

कालीगण्डकी केवल पानीले निकास खोज्दै उँधोतिर बगेको नदीमात्र नभई सिंगो पूर्वीय सभ्यता र संस्कृतिको महत्त्वपूर्ण धरोहरका रूपमा रहेको विषयलाई कसैले बिर्सन नहुने सरोकार भएकाहरूको भनाइ छ ।

राजा भरतले तपस्या गरेको पवित्र भूमि र भगवान् विष्णुका पाउँले कुल्चिएको पावन भूमिमा बगेको कालीगण्डकी हजारौं वर्षको मानव चेतनासँग गहिरोसँग अन्योन्याश्रित सम्बन्ध रहेको धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले जानकारी दिए । 'विश्वको एकमात्र शालिग्राम पाइने नदीका रूपमा यसको बेग्लै पहिचान छ । हिन्दूहरूको शव कालीको किनारमा दाहसंस्कार गर्दा मृत्युपछि स्वर्गमा बास हुने जनविश्वास अहिले पनि प्रचलनमा छ,' उनले भने ।

कालीगण्डकी शालिग्राम पाइने पवित्र नदी मात्र नभई पशु, पक्षी, किट, पतंगदेखि मानव जातिलाई समेत सेवा पुऱ्याएको प्राकृतिक सेवक पनि भएको पण्डित भीमनाथ पराजुलीले बताए । 'कालीगण्डकीको धार्मिक महत्त्व अवर्णनीय छ । यसको जैविक, सांस्कृतिक र मानवीय दैनिकीसँग गाँसिएको महत्त्व पनि कम छैन,' उनले भने ।

कालीगण्डकीको मुक्तिनाथबाट देवघाटसम्मको क्षेत्र अत्यन्त पावन क्षेत्र मानिन्छ । यस नदीबाट हजारौं हेक्टर भूमि सिञ्चित भएको छ । कालीलाई थुनेर ठाउँठाउँमा विद्युत् ऊर्जा निकालिएको छ । नेपालको सबैभन्दा ठूलो भनेर चिनिने कालीगण्डकी हाइड्रोपावर पनि यसै नदीमा रहेको छ ।

*'माछापुच्छ्रे गिरि शिखरको पारमा मुक्तिक्षेत्र*
*बल्छन् बत्ती झलमल जहाँ भुलभुले मुलभित्र*
*तिम्रो जन्मस्थल छ पहिलो ज्योतिको दिव्यधाम*
*काली गंगा भनन कसरी कुँद्छयौ शालिग्राम ?'*

राष्ट्रकवि माधवप्रसाद घिमिरेले कालीगण्डकीलाई शालिग्राम कसरी कुद्छचौ ? भनी प्रश्न गरेर लेखेको यो कविताशमा कालीगण्डकीको महिमा झल्किएको पण्डित पराजुलीले उल्लेख गरे । शालिग्राम कुद्ने विशिष्ट वरदान पाएको कालीगण्डकीको भौतिक अस्तित्त्वमाथि विकासका नाममा मानवीय प्रहार हुन थालेपछि पवित्र नदीको सभ्यता र अस्तित्त्व दुवै संकटमा परेको स्थानीय बताउँछन् । नदीको संरक्षण गरी जलसंकट अन्त्य गर्न तीनै तहका सरकारले नीति र योजना बनाई कार्यान्वयन गर्नुपर्नेमा उनीहरूले जोड दिए । *रासस*

## विकास आयोजनामा ढिलासुस्तीको नमूना

# बागलुङ र पोखरा बसपार्क

## २३ वर्षमा बन्यो बागलुङ बसपार्क, ५० वर्षदेखि अधुरै पोखरा बसपार्क

**रामबहादुर थापा/गण्डकी**

विकासमा आयोजनामा हुने ढिलासुस्ती र लापरबाहीबारे जान्न बागलुङ बसपार्क र पोखरा बसपार्क हेरे पुग्छ । निर्माण प्रक्रिया सुरु भएको २३ वर्षपछि बागलुङ बसपार्कको मंगलबार गण्डकी प्रदेशका मुख्यमन्त्री सरेन्द्रराज पाण्डेले उद्घाटन गरेका थिए । सहरी पूर्वाधार र व्यावसायिक योजनाको अभावमा उक्त बसपार्क नियमित सञ्चालन हुनेमा भने अझै संशय नै छ । उद्घाटन भएको भोलिपल्ट बुधबारदेखि नै बसपार्क सुनसान बनेको स्थानीयवासीले जनाएका छन् ।

नगर विकास कोषको ऋण सहयोगमा बागलुङ नगरपालिका-४ उपल्लाचौरमा ११ करोड रूपैयाँ खर्चेर बसपार्क निर्माण गरिएको हो । ऋण लिएबापत बागलुङ नगरपालिकाले वार्षिक एक करोड २७ लाख रूपैयाँ सावाँब्याज नगर विकास कोषलाई तिर्दै आएको छ ।

जग्गा व्यवस्थापन वि.सं. २०५७ मा भए पनि बसपार्क निर्माण वि.सं. २०७८ मा भएको थियो । वि.सं. २०६१ मा तत्कालीन प्रमुख जिल्ला अधिकारी प्रेमनारायण शर्माले शिलान्यास गरेको उक्त बसपार्क निर्माणले गति नलिएपछि पुनः वि.सं. २०७५ फागुनमा तत्कालीन सहरी विकासमन्त्री मोहम्मद इस्तियाक राईले बसपार्कको शिलान्यास गरेका थिए । स्थानीयवासीले बसपार्क बनाउन ५९ रोपनी जग्गा नगरपालिकालाई उपलब्ध गराएका थिए । जसमध्ये १७ रोपनीमा बसपार्क निर्माण भएको छ भने बाँकी जग्गामा धनीलाई नै फिर्ता गराइने छ ।

नगर विकास कोषको ऋण लगानीसँगै दुई दशकदेखिको बसपार्क बनाउने बागलुङ नगरपालिकाको योजनाले सार्थकता पाए पनि बसपार्क सञ्चालनमा आउन भने सकेको थिएन । बसपार्क जोड्ने पहुँचमार्ग निर्माणलगायत कतिपय पूर्वाधार निर्माण समयमा नहुँदा बसपार्क सञ्चालनमा ढिलाइ हुँदै आएको थियो । बसपार्क निर्माणमा आर्थिक अनियमितता गरेको भन्दै तत्कालीन जनप्रतिनिधिसहित कर्मचारीमाथि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मुद्दा चलाएपछि बसपार्क सञ्चालन थप अन्योलमा परेको थियो ।

निर्माण पूरा भएको तीन वर्षसम्म पनि बसपार्क सञ्चालनमा नआउँदा जनस्तरबाट नगरपालिकाको तीव्र आलोचना हुँदै आएको थियो । जग्गाधनी पनि निराश र आक्रोशित थिए । ढिलै भए पनि बसपार्क उद्घाटन भएर सञ्चालनमा आउने वातावरण बन्नुलाई सुखद् मान्नुपर्ने बसपार्क जग्गा व्यवस्थापन तथा विकास समितिका अध्यक्ष सुभाषचन्द्र राजभण्डारीले बताए । 'हामीले बसपार्कलाई निःशुल्क जग्गा दियौं, उद्घाटनका लागि वातावरण पनि बनायौं, हाम्रो दायित्व पूरा भएको छ,' उनले भने, 'बसपार्कलाई व्यवस्थित ढंगले सञ्चालन गर्ने जिम्मा अब नगरपालिकालगायत अन्य सरोकार भएका पक्षको हो ।'

बसपार्कका लागि दिइएको जग्गाबाहेकको १२ रोपनीमा बस्ती नक्सांकन, सडक, ढल, नाली, पानी, बिजुली जस्ता पूर्वाधार निर्माण अझै बाँकी रहेको उनले बताए । 'नगरपालिकासँग हाम्रो १२ बुँदे समझदारी भएको छ, त्यसमा उल्लेख गरिएका प्रतिबद्धता नगरपालिकाले पूरा गर्नुपर्छ, जग्गाधनीको माग नै यही छ,' उनले भने, 'अब पनि बसपार्क नचलाउने हो भने नगरपालिकाको अक्षम झल्किन्छ, बसपार्कलाई नियमित सञ्चालन गर्न सबै पक्षको सकारात्मक सहयोगको खाँचो छ ।' बसपार्कमा ५० वटा ठूलो बस र १० वटा मिनी बस अट्ने क्षमता छ ।

टर्मीनल भवन, व्यापारिक भवन, टिकटकक्षलगायतका संरचना बनाइएको छ । नयाँ बसपार्क नबन्दा बागलुङ नगरपालिका-३ मा रहेको अस्थायी बसपार्कबाट बस सेवा सञ्चालन हुँदै आएको थियो । प्रदेश राजधानी पोखरा पनि ५० वर्षदेखि आधुनिक र व्यवस्थित बसपार्कको पर्खाइमा छ । पोखरा महानगरपालिका-९ पृथ्वीचोकस्थित बसपार्कको दूरावस्थाले पर्यटकीय राजधानीसमेत रहेको पोखरालाई नै गिज्याएको महसुस हुन्छ । बसपार्क बनाउन वि.सं. २०३२ मा अधिग्रहण गरिएको जग्गा उल्टो अतिक्रमणमा परेर खुम्चँदै गएको छ ।

अव्यवस्थित घरटहरा । फोहोरको दुर्गन्ध । बिजुलीका जीर्ण पोल । लत्रिएका तार । हिलाम्मे सडक । पानी जमेका खाल्डाखुल्डी । आँखा बिझाउने यी दृश्य पोखरा बसपार्कका हुन् । न व्यवस्थित टिकट काउण्टर न बस राख्ने ट्र्याक । अस्तव्यस्त पार्किङ । किनारामा थन्काइएका थोत्रा बस आदिले पनि बसपार्कको बेहाल अवस्थालाई दर्शाइरहेको छ । झण्डै आधा शताब्दी बित्न लाग्दासमेत बसपार्क बन्ने कुनै टुंगो छैन । पोखरा उपत्यका नगर विकास समितिले उहिले देखेको सुविधासम्पन्न बसपार्कको सपना अझै अधुरै छ । जीर्ण र कामचलाउ बसपार्कबाट पोखराले कहिले मुक्ति पाउँछ ? चित्तबुझ्दो जवाफ कुनै निकायसँग छैन । पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रालिका अध्यक्ष योगेन्द्र केसीले बसपार्कले पर्यटनको राजधानी सहर पोखराकै बदनाम गरेको बताए ।



'नेपाललाई अर्न्तराष्ट्रिय जगतमा चिनाउने पोखरामा स्तरीय बसपार्क बन्न नसक्नु दुर्भाग्य हो, बसपार्कको बेहाल देख्दा हामीलाई पनि पीडा हुन्छ,' उनले दुःखेसो पोखे, 'राजनीतिको दुश्चक्रमा बसपार्क फस्यो, राज्यका निकायले पनि बसपार्क बनाउन इच्छाशक्ति देखाएनन् ।' अध्यक्ष केसीका अनुसार सो बसपार्क भएर दैनिक झण्डै ३०० गाडी देशका विभिन्न गन्तव्यमा गुड्छन् ।

गण्डकी प्रदेशको राजधानी पोखरासँग ६३ जिल्लाको यातायात सञ्जाल जोडिएको उनको भनाइ छ । 'पोखरा एकातिर प्रदेशको राजधानी सहर हो, अर्कातिर पर्यटनको केन्द्र,' अध्यक्ष केसीले भने, 'बसपार्कसहित यहाँका सहरी पूर्वाधारले प्रदेशकै चिनारी दिइरहेको हुन्छ, अब पनि बसपार्क नबनाउने हो भने पोखराकै बेइज्जत हुन्छ ।' उनले बसपार्कमा ढलान, पार्किङ ट्र्याक, यात्रु विश्राम कक्ष निर्माण, शौचालय, खानेपानीलगायत पूर्वाधारको खाँचो रहेको बताए । यातायात व्यवसायीले पटक-पटक बसपार्क स्तरोन्नतिको माग गर्दै आए पनि पोखरा महानगर र प्रदेश सरकारबाट कुनै सुनुवाइ नभएको अध्यक्ष केसीले गुनासो गरे । बसपार्क अस्तव्यस्त भएपछि गाडीले राजमार्ग छेउछाउबाटै यात्रु चढाउने र ओराल्ने गर्छन् । टिकट काउण्टर पनि बाहिरी सडकमा छन् । हिलाम्मे बाटो र भित्र उभिने ठाउँ पनि नभएकाले यात्रुहरू बसपार्क छिर्नै चाहँदैनन् ।

अहिलेसम्म बसपार्कलाई चाहिने कुनै पनि पूर्वाधार बन्न सकेको छैन । तीव्र सहरीकरण र सवारीसाधनको चापलाई दृष्टिगत गरेर पोखरामा आधुनिक सुविधायुक्त बसपार्क बनाउनुपर्ने आवाज उठ्दै आएको छ । जिल्ला ट्राफिक कार्यालय, कास्कीका प्रमुख प्रहरी निरीक्षक भानु शर्माले बसपार्क नबन्दा ट्राफिक व्यवस्थापनमा चुनौती थपिएको बताए ।

'व्यवस्थित बसपार्क नहुँदा बस सडकबाटै अवस्था छ, पृथ्वीचोकको ट्राफिक व्यवस्थापन अस्तव्यस्त हुँदै गइरहेको छ,' उनले भने, 'बसपार्क निर्माणमा पोखरा महानगरपालिका र प्रदेश सरकारको विशेष ध्यान जानु जरुरी छ, पोखराजस्तो पर्यटकीय सहरमा बसपार्क नहुनु दुर्भाग्यको विषय हो ।'

उनले पोखरा-मुग्लिन सडक विस्तार हुँदै आएकाले अहिले पृथ्वी चोक क्षेत्र छेउछाउको पार्किङस्थल सडकमा परिणत हुने उनले बताए । महानगरपालिकाले भुइँमा ग्राभेल बिछ्याएर हिलो र खाल्डाखुल्डी पुर्ने काम गरे पनि वर्षात्का बेला बसपार्क फेरि पुरानै अवस्थामा फर्कने गरेको छ । जथाभावी सवारीसाधन पार्किङ र यात्रु चढाउने/ओराल्ने गर्दा पृथ्वीचोक क्षेत्र पुनः अस्तव्यस्त बनेको छ । यातायात व्यवसायीहरूले बसपार्क व्यवस्थित नहुँदा पार्किङको समस्या भइरहेको बताउँदै आएका छन् ।

माइक्रो, टचाक्सीलगायत सवारीसाधन लामो समय रोकिराख्दा पृथ्वीचोक दुवैतर्फको सडक अस्तव्यस्त बनेको छ । ट्राफिक प्रहरीले पनि सवारीसाधन व्यवस्थानमा कडाइ गर्न छाडेको छ । सुरुमा २०५ रोपनी जग्गा अधिग्रहण गरिएकामा अहिले बसपार्कका लागि करिब ६० रोपनीमात्र जग्गा बाँकी रहेको महानगरले जनाएको छ । बसपार्क बनाउने भनिएको जग्गामा स्थानीयवासी, पुरानो विमानस्थल बनाउँदा सारिएका र सुकुम्बासी परिवारको बसोबास छ ।

पोखरा महानगरअन्तर्गत पोखरा उपत्यका नगर विकास समितिका नाममा रहेको उक्त जग्गा पटक-पटक अतिक्रमणमा पर्दै आएको छ । कति जग्गा घडेरीका रूपमा बिक्री भयो, कति अतिक्रमणमा पऱ्यो भन्ने यकिन तथ्यांक कुनै निकायसँग छैन । २०५ रोपनीमध्ये केही जग्गा पृथ्वी राजमार्गमा पर्दा पछि बसपार्कका नाममा १८७ रोपनी कायम भएको थियो । उक्त जग्गा पनि अहिले घट्दै-घट्दै ६० रोपनीभन्दा पनि कममा सीमित भएको छ ।

जग्गाकै कारण पृथ्वीचोकमा ठूलो बसपार्क बन्ने सम्भावना नरहेको भन्दै महानगरले 'सिटी' बसपार्कको योजना अघि बढाए पनि त्यसले सार्थकता पाउन सकेको छैन । पोखरा-३२ लामेआहालमा प्रादेशिक बसपार्क बनाउने गण्डकी प्रदेश सरकारको प्रस्ताव पनि अलपत्र परेको छ । २७३ रोपनी क्षेत्रफलमा बनाउने भनिएको उक्त बसपार्कका लागि लगानीको स्रोत जुट्न नसकेको प्रदेश सरकारले जनाएको छ । *रासस*



**पहिरोले घर पुरिएपछि** | म्याग्दीको मंगला गाउँपालिका-३ पखेरमा शुक्रबार बिहान पहिरो झरेर घर पुरेपछि घरभित्रका सामान अन्यत्र सार्दै स्थानीयवासी । घर माथिबाट आएको पहिरोले स्थानीय लक्ष्मी खड्काका दुईवटा घर पुरिएको छ । *तस्बिरः ध्रुवसागर शर्मा/रासस*

# धार्मिक पर्यटकीयस्थल ऋखार ओझेलमा

■ **कमल खत्री**

**म्याग्दी (बेनी)**– अग्ला पहाडले घेरिएको, हरियाली बुकी । थरिथरीका लेकाली फूलले सजिएको लेकाली बुकी पाटनमा सुन्दर मन्दिर अवस्थित छ । सानो तलाउमा रहेको डुंगा आकारको ढुंगामाथि अवस्थित ऋखार मन्दिर आकर्षक, अनौठो र मनमोहक देखिन्छ ।

म्याग्दीको रघुगंगा गाउँपालिका-८ कुइनेमंगलेमा अवस्थित ऋखार ऐतिहासिक, धार्मिक र पर्यटकीय सम्भावनाले भरिपूर्ण छ । यस क्षेत्रको प्रसिद्ध धार्मिकस्थलका रूपमा परिचित ऋखार धौलागिरि हिमालको काखमा चार हजार १० मिटर उचाइमा अवस्थित छ । प्राकृतिक सुन्दरताको छटाले भरिएको ऋखारको लेकाली भू-भागमा यार्सागुम्बा, केतुकी, बहमबेद, पाँचऔंले, सिलाजित, सतुवा, निरमसी जटामसी, चिराइतोलगायत बहुमूल्य जडीबुटी पाइन्छ ।

तलाउमाथि रहेको डुंगा आकारको ढुंगामा निर्मित मन्दिर ऋखारको मुख्य आकर्षक रहेको छ । भक्तजन र स्थानीयको पहलमा ऋखार क्षेत्रमा अन्य मन्दिरसमेत निर्माण भएका छन् । म्याग्दी सदरमुकाम बेनीबाट गलेश्वर, गाउँपालिकाको केन्द्र मौवाफाँट, दग्नाम, दरमिजा, चिमखोला, घ्याँसीखर्क, दुवाडी, पात्लेखर्क हुँदै दुई दिनको यात्रामा ऋखार पुग्न सकिन्छ ।



मुस्कुराइरहेको आँखैमा ठोक्किने हिमाल र हरियालीले सजिएका अग्ला पहाडको सुन्दरताभित्र लुकेको ऋखार ऋषिले तपस्या गरेको प्रसिद्ध तपोभूमिका रूपमा रहेको ऋखार संरक्षण समितिका अध्यक्ष चित्र छन्त्यालले बताए । उनका अनुसार उच्च हिमाली क्षेत्रमा अवस्थित रहेकाले वैशाखदेखि असोजसम्म पूजाआजा हुन्छ ।

ऋखार मन्दिरमा ऋषितर्पणी अर्थात् जनैपूर्णिमाको दिन विशेष पूजा हुने गरेको छन्त्यालले जानकारी दिए । केही वर्षअघिसम्म कुइनेमंगले आसपासका बासिन्दाको कम चहलपहल हुने ऋखारमा पछिल्लो समय प्रचार-प्रसारको कारण जिल्लाबाहिरबाट ठूलो संख्यामा पर्यटक र भक्तजन आउन थालेको उनको भनाइ छ ।

यस मन्दिरमा पूजा र दर्शन गरेमा मनोकाक्षा पूरा हुने धार्मिक विश्वासका कारण भक्तजन बढ्दै गएका छन्त्यालले बताए । यहाँ म्याग्दीका साथै पर्वत, बागलुङ, कास्की, नवलपरासी, काठमाडौंलगायत क्षेत्रबाट भक्तजन पुग्ने गर्छन् । दुर्गम र भौगोलिक रूपमा कठिन क्षेत्र पार गरी ऋखारमा पुगेका भक्तजन र पर्यटकलाई यस क्षेत्रबाट देखिने मनोरम दृष्यले लोभ्याउने गर्दछ ।

पहिलोपटक यहाँ पुगेका बेनीका दामोदर शर्माले धार्मिक महिमा र प्राकृतिक सुन्दरताले भरिएको ऋखारमा प्रचारप्रसार र पूर्वाधार निर्माण गर्न सकेमा उत्कृष्ट धार्मिक पर्यटकीय गन्तव्यको रूपमा विकास हुने बताए । उनले यहाँबाट देखिने दृश्यले आफू लोभिएको बताए ।

मन्दिर परिसरमा रहेको दमाह आकारको तामाको भाँडोमा कहिल्यै पानी नसुक्ने नौलो विशेषता रहेको ऋखार संरक्षण समितिका अध्यक्ष छन्त्यालले जानकारी दिए । उनका अनुसार वर्षौंदेखि मन्दिर परिसरमा रहेको उक्त भाँडोमा कतैबाट पनि पानी नराखे पनि भाँडोमा सधैं भरिभराउ हुने गर्दछ ।

पूजाआजा र दर्शनका लागि पुगेका भक्तजनले सोही भाँडोको पानीलाई पवित्रजलका रूपमा लैजाने गरे पनि भाँडो कहिल्यै नरित्तिने छन्त्यालले उल्लेख गरे । 'पौराणिक कथाअनुसार संसारको प्रलय भई जलमग्न हुँदा सत्यव्रत राजाले डुंगामाथि चढेर सप्तऋषि, महत्त्वपूर्ण जडीबुटी र आफ्नो सुरक्षा गरेको र कालन्तरमा उनीहरू यही क्षेत्रमा आएर विश्राम गरेको जनविश्वास रहेको छ । यहाँ रहेको उक्त ढुंगालाई प्रलयकालको अवशेषका रूपमा लिने गरिन्छ भने सप्तऋषिको तपस्थली, हिउँले खारिएको ठाउँ र हजारौं फूलहरूले सजिएको रमणीय ठाउँ भएकाले यस क्षेत्रको नाम ऋखार रहनगएको किंवदन्ती छ,' उनले भने ।

ऋखार धार्मिक महत्त्वका साथै प्राकृतिक सुन्दरताको दृष्टिकोणले पनि पर्यटकीय गन्तव्यको सम्भावनायुक्त ठाउँ रहेको सप्तऋषि युवा क्लबका संरक्षक अंकित पुनले बताए । मनोरम हिमाल, जंगली फूलले रंगिएका खर्क, हरियाली डाँडा, छलछल बग्ने झरना, खोलानाला, परम्परागत भेडाबाख्रा र गाईभैंसीको गोठले यस क्षेत्रको पदयात्रामा जाने जो कसैको मन लोभ्याउने उनको भनाइ छ ।

धार्मिक र पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न स्थानीयले ऋखार संरक्षण समिति गठन गरेर यसको विकास र प्रवर्द्धनको काम गर्दै आएका छन् । स्थानीयको अगुवाइ, भक्तजन र समुदायको सहयोग तथा सरोकार भएकाको पहलमा दुवाडी, पात्लेखर्क, बगरखोलामा तिर्थयात्री भवन, ऋखार जाने बाटोमा पुल, पदमार्गलगायत संरचना निर्माणले गरिएको संरक्षक पुनले बताए ।

स्थानीय सरकार कार्यान्वयनमा आएसँगै रघुगंगा गाउँपालिका र वडा नं ८ को कार्यालयले ऋखारलाई धार्मिक, पर्यटकीय स्थलको रूपमा विकास गर्न प्रचारप्रसार र पूर्वाधार विकासलाई जोड दिएको छ । सरकारी निकाय र संरक्षण समिति, स्थानीय आमा समूह, युवा क्लबकोसमेत सक्रियता बढेको संरक्षक पुनले बताए । उनका अनुसार यहाँका सम्भावना र समस्या पहिचान गरी दीर्घकालीन र तत्कालीन पूर्वाधार निर्माणका लागि गुरुयोजना बनाउने कार्यलाई वडा कार्यालयले अघि सारेको छ । *रासस*

**मुक्तिका १६ वर्ष**

# अझै पुनःस्थापनाको पर्खाइमा मुक्त हलिया



■ **सुरेन्द्रबहादुर ताम्राकार**

**अत्तरिया (कैलाली)**– हलिया मुक्ति घोषणा भएको शुक्रबार १६ वर्ष पूरा भएको छ । नेपाल सरकारले २०६५ भदौ २१ गते हलिया मुक्तिको घोषणा गरेको १६ वर्ष भइसक्दा पनि उचित पुनःस्थापना नहुँदा कष्टकर जीवन जिउन बाध्य भएको मुक्त हलियाहरूको गुनासो छ ।

हलिया प्रथा विशेषगरी सुदूरपश्चिम र कर्णाली प्रदेशका तीन जिल्लामा रहेको थियो । यसरी १२ जिल्लामा रहेका हलियालाई मुक्तिको घोषणा गरेका त्यसमध्ये अधिकांशको पुनःस्थापना भइसकेको छ भने केहीको अझै पुनःस्थापना हुनसकेको छैन । राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालका अध्यक्ष ईश्वर सुनारले नेपाल सरकारले प्रमाणीकरण गरेका १६ हजार ९५३ परिवारमध्ये हालसम्म १२ जिल्लाका १३ हजार ५४६ परिवारले मात्रै पुनःस्थापना प्याकेज पाएको बताए ।

उनका अनुसार त्यसमध्ये पनि नौ प्रतिशत परिवारले पुनःस्थापना प्याकेजको अन्तिम किस्ता नपाएका र करिब २० प्रतिशत मुक्त हलिया अझै पुनःस्थापनाको पर्खाइमा रहेका छन् । 'परिचयपत्र पाएका सबैको पुनःस्थापना हुनसकेको छैन, अझै परिचयपत्र पाउन बाँकी पनि छन्,' उनले भने, 'पुनःस्थापना भएका मुक्त हलियालाई पनि गुजारा चलाउनै मुस्किल छ । रोजगारी छैन, शिक्षा, स्वास्थ्यका सवालहरूमा पनि समस्या नै छ ।'

नेपाल सरकार र हलिया महासंघबीच भएको पाँचबुँदे सहमतिको भावना र मर्मअनुसार पुनःस्थापना कार्यमा प्रगति हुन नसक्दा अझै मुक्त हलिया कष्टकर जीवन बिताउन बाध्य भएका अध्यक्ष सुनारको भनाइ छ । उनले भने, 'हलिया मुक्ति घोषणाको १६ वर्ष बितिसक्दा पनि नेपाल सरकारले प्रतिबद्धता काम सम्पन्न भएका छैनन् । पुनःस्थापनाको समयावधि लम्बिँदै जाँदा पुनःस्थापनाको पर्खाइमा रहेका मुक्त हलिया थप समस्या परिरहेका छन् । उनीहरूको बसोबासको उचित व्यवस्थापन हुनसकेको छैन, जसले पुनः खानकै लागि हलिया बस्नुपर्ने अवस्था आएको छ ।'

पुनःस्थापनासँगै शिक्षा, स्वास्थ्य, रोजगारी, दिगो जीविकोपार्जन, सामाजिक सशक्तीकरण,समावेशीकरणसम्बन्धी मुद्दा कार्यान्वयन नहुँदा मुक्त हलियाहरूले सम्मानित जीवन बिताउन नसकेको र कयौं मुक्त हलिया परिवार पुनः हलिया बस्न बाध्य भएका यस क्षेत्रका जानकारहरू बताउँछन् । राष्ट्रिय दलित नेटवर्कका संस्थापक अध्यक्ष गणेश विश्वकर्माले वर्षौंसम्म पनि सबै मुक्त हलियाको न्यायिक पुनःस्थापना हुन नसक्नु चिन्ताको विषय भएको बताए । उनले भने, 'नेपाल सरकार र महासंघबीच भएको पाँचबुँदे सहमति, १० बुँदे सिफारिस र मुक्त हलिया, कमैया, कमलरी तथा हरवाचरवा समुदायको अवस्था अध्ययन गर्न बनेको पाँच सदस्यीय वस्तुस्थिति अध्ययन समितिको प्रतिवेदनले गरेका सिफारिसलाई तत्काल कार्यान्वयनमा लैजान आवश्यक छ । मुक्त हलियाको दिगो तथा न्यायोचित पुनःस्थापनाका लागि तीनै तहका सरकारले एकीकृत रूपमा काम गर्नुपर्छ ।'

संघीय सरकारले गठन गरेको मुक्त हलिया, कमैया, कमलरी तथा हरवाचरवा समुदायको वस्तुस्थिति अध्ययन समितिका सदस्य एवं हलिया अधिकारकर्मी हरि श्रीपाइली सरकारले तदारुकता देखाए बाँकी रहेका मुक्त हलियाको पुनःस्थापनामा समय नलाग्ने बताउँछन् । 'हामीले अध्ययनपछि बनाएको प्रतिवेदनमा मुक्त हलिया, कमैया, कमलरी तथा हरवाचरवा समुदायको यथार्थ अवस्था उल्लेख गरेका छौं । त्यसलाई कार्यान्वयनमा लगे मुक्त हलियाको पुनःस्थापनामा सहयोग पुग्छ,' उनले भने, 'अध्ययन समितिको प्रतिवेदनको आधारमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले पुनःस्थापनासम्बन्धी कार्यविधि र कार्ययोजना तयार गरेको छ तर पारित हुनसकेको छैन । कार्यविधि पास गरेर अगाडि गए बाँकी रहेका मुक्त हलियाको पुनःस्थापनमा समय लाग्दैन ।'

सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी मुक्त हलियाहरू छन् । सरोकार भएका संघसंस्थाको दबाबमा यहाँ प्रदेश सरकारले र केही स्थानीय तहले मुक्त हलिया पुनःस्थापनासम्बन्धी कार्यविधिसमेत पारित गरेका छन् । अब सोअनुसार पुनःस्थापनाका काम अगाडि बढाउनुपर्ने महासंघका अध्यक्ष सुनारको जोड छ । 'देशमा तीन तहका सरकार छन् । सबैले एकीकृतरूपमा काम गरेमा समस्या समाधानका लागि सहज हुन्थ्यो । हाम्रै आग्रहमा प्रदेश सरकार र केही स्थानीय तहले पनि कार्यविधि बनाएका छन्, अब त्यसको कार्यान्वयनमा जोड दिनुपर्छ,' उनले भने । *रासस*

# भारतीय बजार रूपैडिहामा नेपाली उपभोक्ताको लर्को

**राँझा (बाँके)**– बाँकेको सीमावर्ती भारतीय बजार रूपैडिहामा दैनिक उपभोग्य वस्तु खरिदका लागि नेपाली उपभोक्ताको लर्को लागेको छ ।

तीजको पूर्वसन्ध्यामा पनि नेपालगञ्ज बजारमा व्यापारको धेरै चहलपहल देखिनए । बजारमा उपभोक्ताको चहलपहल कम देखिन्थ्यो । सीमा पारि भारतीय बजार रूपैडिहामा किनमेल गर्ने नेपाली उपभोक्ताको चहलपहल बढेको छ । घरायसी उपभोगका सामानसँगै चाडपर्वका लागि आवश्यक पर्ने खाद्यान्न र लत्ताकपडा खरिदका लागि दैनिक हजारौंको सं्ख्यामा नेपाली उपभोक्ता सीमावर्ती भारतीय बजार रूपैडिहा पुग्ने गरेका छन् ।

अधिकांश उपभोक्ता नेपाली हुने भएकाले रूपैडिहामा नेपाली रूपैयाँ र मूल्यमा कारोबार हुने गरेको छ । व्यापारीहरूले पसलमा काम गर्ने कामदारसमेत नेपालीलाई राखेर भाषाको सहजता गरेका छन् । नेपाली उपभोक्ताको भरमा रूपैडिहा बजार चलेको स्थानीय व्यापारी सुजित वैश्यले बताए ।

रूपैडिहा बजारमा खाद्यन्नको किराना पसल गर्दै आएका वैश्यले नेपाली चाडपर्व तीज, दसैं, तिहारमा नेपाली उपभोक्ताको भीडभाडले आफूहरूलाई भ्याइनभ्याइ हुने गरेको उल्लेख गरे ।



यतिबेला तीज पर्वका लागि खाद्यान्नसँगै कपडा पसलमा भीडभाड रहेको उनको भनाइ छ ।

चाडपर्व मात्र होइन अन्य समयमा पनि दैनिक उपभोग्य सामग्रीका लागि नेपाली उपभोक्ता भारतीय बजार रूपैडिहामै निर्भर रहने गरेको नेपालगञ्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष कृष्णप्रसाद श्रेष्ठले बताए ।

रूपैडिहा बजार नेपाली उपभोक्ताहरूको भरमा टिकेको छ । दैनिक करिब एक करोड रूपैयाँको कारोबार नेपाली उपभोक्ताबाटै हुने गरेको छ । दैनिक उपभोग्यका सामान, तरकारीलगायतका वस्तु किन्न सयौं नेपाली सीमा पारि जान्छन् । नेपालगञ्जमा चाडपर्वको बेलामा पनि कारोबारमा कमी आएको श्रेष्ठको भनाइ छ ।

नेपाली उपभोक्ता भारतीय बजारमा किनमेलका लागि जाने समस्या अहिलेको होइन । नेपाली उपभोक्ता नेपालगञ्जमै रोक्ने लक्ष्य नेपालगञ्ज उद्योग वाणिज्य संघको प्रत्येक निर्वाचनका बेला चुनावी नारा बन्ने गर्दछ, तर निर्वाचन पछि सेलाउँदै जाने गरेको छ ।

संघका महासचिव भीमबहादुर रानाभाटले सस्तो पाइने लोभमा नेपाली उपभोक्ता भारतीय बजार रूपैडिहा जाने चलनले नेपालगञ्जका व्यवसायी धराशायी भएको बताए । सस्तो पाइने लोभमा खाद्यान्नदेखि लत्ता कपडाको किनमेलका लागि पनि नेपाली उपभोक्ताको सीमावर्ती भारतीय बजार रूपैडिहामा भीड लाग्ने गरेको छ ।

'हामीले बेलाबेलामा उपभोक्ता जागरण कार्यक्रम गरेर सम्झाउने काम गरेका छौं,' नेपालगञ्ज उद्योग वाणिज्य संघका महासचिव रानाभाटले भने, 'भारतीय बजारमा सबै सामान सस्तो पाइन्छ भन्ने भ्रम नेपाली उपभोक्तामा हट्न सकेको छैन ।'

पछिल्लो एक सातायता किनमेल गर्न भारतीय बजार रूपैडिहातर्फ जाने नेपाली उपभोक्ताको भीड बढेको छ । भारतीय बजार रूपैडिहामा नेपाली उपभोक्ताको लर्को लाग्दा नेपालगञ्जका व्यापारी भने चिन्तित छन् । बाँकेका ग्रामीण क्षेत्र तथा बर्दिया, दाङ, सुर्खेत, दैलेख, जाजरकोट र सल्यानलगायतका उपभोक्तासमेत किनमेलका लागि भारत जाने गरेका छन् । *रासस*




## अभिनयमा फर्किंदै गणेश

अभिनेता गणेश भट्ट लामो समयपछि म्युनजिक भिडियोमार्फत अभिनयमा फर्किएका छन् । 'तिमी शब्द' बोलको गीतबाट भट्ट अभिनयमा फर्कन लागेका हुन् । माया प्रेममा आधारित गीतमा राजेश बुढाथोकीको शब्द, कविता श्रेष्ठ र जीवन विश्वकर्माको संगीत रहेको छ । गीतको निर्देशन सन्तोष पोखरेलले गरेका हुन् भने भट्टलाई अभिनयमा संगीता शाहीले साथ दिएकी छन् । गीत यही भदौ २२ गते दिउसो ४ बजे समिश्रषण युट्युव च्यानलबाट सार्वजनिक हुने भएको छ ।



# 'डिएसए स्टार'

## समूहगत विजेता घोषित



■ प्रभाव संवाददाता

**काठमाडौं–** परिवर्तन इभेन्ट हाउसले राजधानीमा आयोजना गरेको १४ औं संस्करणको 'डिएसए स्टार २०२४ को ग्राण्ड फिनाले उमेर समूहगत रूपमा विजेता घोषित भएका छन् । प्रतियोगितामा 'मिनी डान्सिङ स्टार' तर्फ अदिसु थापा विजेता हुँदा गिर्वानी शाह 'फस्ट रनर अप', सुवासिनी भट्टराई 'सेकेण्ड रनर अप', आर्सी भण्डारी 'थर्ड रनर अप' र लिजियन शेर्पा 'फोर्थ रनर अप' भए ।

त्यस्तै 'जुनियर डान्सिङ स्टार' तर्फ क्लारा श्रेष्ठले उपाधि जित्दा डेभिड तामाङ 'फस्ट रनर अप', रितिका गिरी 'सेकेण्ड रनर अप', एल्भिस तामाङ 'थर्ड रनर अप', भीषण विक्रम शाह 'फोर्थ रनर अप', प्रज्ञा खनाल 'फिफ्थ रनर अप' र इशानी गौतम 'सिक्स्थ रनर अप' बने ।

यसैगरी 'जुनियर सिङगिङ स्टार' तर्फ मिङ्की शेर्पा विजेता हुँदा आयुष शाही ठकुरी 'फस्ट रनर अप' र अबिनय श्रेष्ठ 'सेकेण्ड रनर अप' भए । 'जुनियर एक्टिङ स्टार' तर्फ छेदेन लामाले उपाधि चुम्दा विशेष घिमिरेले 'फस्ट रनर अप' र आज्ञा शाहीले 'सेकेण्ड रनर अप'मा चित्त बुझाए ।

'प्री-टीन डान्सिङ स्टार' तर्फ केशाङ ल्हामु लामा विजयी हुँदा इशानी कुलुङ 'फस्ट रनर अप', आशिका खड्का 'सेकेण्ड रनर अप', प्रमिश सुनुवार 'थर्ड रनर अप', स्मृति खड्का 'फोर्थ रनर अप', युमिका तामाङ 'फिफ्थ रनर अप' र श्रेया श्रेष्ठ 'सिक्स्थ रनर अप' भए । यस्तै 'प्री-टीन सिङगिङ स्टार' तर्फ एन्जल श्रेष्ठले ताज जित्दा जेबिसा श्रेष्ठ 'फस्ट रनर अप', आयुषा कुलुङ 'सेकेण्ड रनर अप' र कासुमी लामा 'थर्ड रनर अप' भए ।

त्यस्तै 'प्री-टीन एक्टिङ स्टार' तर्फ इशान्त कनुजेले जित्दा आलिया पाठक 'फस्ट रनर अप', सौगात थापा 'सेकेण्ड रनर अप' र प्रज्ञा थापा 'थर्ड रनर अप' भए । त्यस्तै 'मिनी सिङ्गिङ स्टार' तर्फ अंशुमान खत्री विजेता भए ।

बुढानिलकण्ठ नगरपालिकका मेयर मिठाराम अधिकारीको प्रमुख आतिथ्यतामा भएको साउथ वेस्टर्न कलेजका प्रोग्राम कोओर्डिनेटर राजेन्द्र लामिछाने, संगीतकार दीपक शर्मा, हर्लिक्स नेपाल कन्ट्री हेड( युनिलिभर इन्टरनेसनल-न्यूट्रेसन) प्रमुख आशिष अग्रवाल, म्युजिक भिडियो निर्देशक विक्रम चौहान र गायिकाद्वय सुमित्रा कोइराला तथा रितु कँडेल निर्णायक थिए ।

परिवर्तन इभेन्ट हाउसकी प्रमुख कार्यकारी अधिकृत सोनिया जिआरले फाइनल अघि १ सय ८० बालबालिकालाई ४५ दिनसम्म विभिन्न विषयमा प्रशिक्षण दिइएको बताइन् । प्रतियोगिताका विजेताले सन् २०२५ मा जर्जियामा हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताको अवसर पाउने आयोजकले जनाएका छन् । साथै विजेतालाई म्युजिक भिडियो निर्माणको पुरस्कार पनि दिइनेछ ।

## 'वसन्त'को फर्स्टलुक सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'वसन्त' को फस्टलुक पोस्टर सार्वजनिक गरिएको छ । प्रकाश सपुतको निर्देशन रहने फिल्मको फस्टलुक पोस्टर हरितालिका तीजको अवसर पारेर सार्वजनिक गरिएको हो ।

पोस्टरमा फिल्मका प्रमुख ५ कलाकारको चरित्र चित्रण छ । कलाकारलाई विद्यार्थीको पोसाकमा देखाइएको छ । पोस्टरमा स्वस्तिमा खड्काको पात्रको नाम शान्ति शर्मा, प्रभात पाल ठकुरीको प्रेम आर क्षेत्री, खड्गबहादुर पुन (खबपु)को सत्यबहादुर मगर, प्रकाश सपुतको वसन्त विक र शिवांसी श्रीको सपना विक नाम राखिएको छ । फिल्मको निर्माण कम्पनी गलबन्दी प्रोडक्सन हो ।

कथा र सङ्गीत समेत सपुतकै रहने फिल्मको कार्यकारी निर्मातामा मोहन विश्वकर्मा, अनुरोध भट्टराई र नाना थकाली हुन् । केही अगाडि बागलुङकै कालिका मन्दिरमा शुभसाइत गरिएको फिल्मको छायाङ्कन शनिबारबाट सुरु हुने बताइन्छ । फिल्मको प्रदर्शन आगामी चैत २२ गते तय गरिएको छ ।

## 'बलिदान'को छायांकन सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं –** फिल्म 'बलिदान'को छायाङ्कन 'प्रविधि पूजा'सँगै शुभारम्भ गरिएको छ । हरितालिका तीजको अवसर पारेर मोरङको सुन्दरहरैंचास्थित पाथीभरा माताको मन्दिरमा शुक्रवार पूजा गर्दै फिल्मको शुभसाइत गरिएको हो ।

शनिवार मोरङको इटहरीमा फिल्मको पहिलो सट लिइने छ, जसमा अभिनेत्री ऋचा शर्मा र केही बालकालकारहरूको दृश्य रहनेछ । निर्देशक सन्तोष सेनका अनुसार, केही दिनपछि समीर भट्ट, अर्पण थापा, सौगात मल्ल, र दिव्य देवलगायतका कलाकारको छायाङ्कन हुनेछ ।

फिल्मको कथा नेपालको माटोमाथि भइरहेको शोषण, निरङ्कुशता, र समाजका तथाकथित नाइकेहरूको अत्याचारमा आधारित छ ।

'बलिदान'लाई दक्षिण भारतका चर्चित प्राविधिकहरू, द्वन्द्व निर्देशक स्टन्डर साम र छायाकार शरण ऋषि लगायत ५० जनाको प्राविधिक टोलीले निर्माण गर्नेछ । फिल्म छायांकनका लागि इटहरीस्थित बिएमसी स्टुडियोमा भव्य सेट तयार गरिएको छ भने विराटनगर क्षेत्रमा पनि सेट निर्माण भएको छ । करिब ६० प्रतिशत छायाङ्कन सेटमै हुने निर्देशक सेनले जानकारी दिए । फिल्ममा अभिनेता बिराज भट्टका छोरा समीर भट्ट, सौगात मल्ल, अर्पण थापा, दिव्य देव र ऋचा शर्माको पनि मुख्य भूमिका रहनेछ । आसुसेन फिल्मस् प्रा.लि. र सन्तोष सेनको प्रस्तुति रहेको 'बलिदान'का निर्माता पवन ब्राडफोर्ड बिस्ट र सह-निर्माता प्रेम पुरी हुन् ।



# पारा ओलम्पिकमा कास्य पदक विजेता पलेशालाई सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले पाराओलम्पिकमा कास्य पदक विजेता पलेशा गोवर्धनलाई सम्मान गरेका छन् । खुलमटारमा एक कार्यक्रम आयोजना गरी उनले नेपालका लागि ओलम्पिकमा पहिलो पदक प्राप्त गर्न सफल प्रलेशालाई सम्मान गरेका हुन् । उनले पलेशासँगै प्रशिक्षक कविराज नेगी लामा, व्यवस्थापक रामचन्द्र श्रेष्ठ र पलेशाका बुबा प्रदीपलाई पनि सम्मान गरेका थिए ।



सो क्रममा अध्यक्ष दाहालले पलेशाको जितले संसारभरि रहेका नेपालीले गौरव गर्ने अवसर प्राप्त भएको बताए । 'ओलम्पिकको इतिहासमा पहिलोपटक नेपालले पदक प्राप्त गर्नु सामान्य विषय होइन, यसले विश्वभरि रहेका नेपालीका लागि गौरव गर्ने अवसर प्राप्त भएको छ', उनले भने, 'खेल क्षेत्रले राष्ट्रिय एकता, आर्थिक समृद्धि र अन्तर्राष्ट्रिय कूटनीतिलाई प्रवर्द्धन गर्छ, त्यसैले पलेशाको यो जित अन्तर्राष्ट्रिय इतिहास कायम गर्ने महत्वपूर्ण जित हो ।'

खेल क्षेत्रमा राज्यले बढी लगानी गर्नुपर्ने उल्लेख गर्दै अध्यक्ष दाहालले भने, 'अहिले समय फेरिएको छ, खेलले अन्तर र्ष्ट्रिय युद्ध रोक्नेदेखि ठूलाठूला समस्याको समाधान पनि दिएको छ । अहिले पलेशाले पदक जितेपछि राष्ट्र एक ढिक्का भएको छ, सबले गर्व गरेका छन्, सब खुसी भएका छन् ।'

पलेशाको जित राष्ट्रिय एकताको आधार र अन्तर्राष्ट्रिय कूटनीति प्रवर्द्धनमा ऐतिहासिक बन्न पुगेको उल्लेख गर्दै उनले आगामी ओलम्पिकमा पनि थप सफलताको शुभकामना दिए । अध्यक्ष दाहालले यस जितका लागि आधार तयार पार्ने प्रशिक्षक, व्यवस्थापक, तेक्वान्दो सङ्घ र घरपरिवारलाई राष्ट्रका लागि योगदान गरेकामा धन्यवाद र बधाई दिए ।

उक्त अवसरमा विजेता पलेशाले पदक प्राप्त गर्दाको अनुभूति सुनाउँदै आगामी ओलम्पिकमा स्वर्ण पदकका लागि तयारी गर्ने बताए । कार्यक्रममा प्रशिक्षक कविराज नेगी लामा, व्यवस्थापक रामचन्द्र श्रेष्ठ, नेपाल तेक्वान्दो सङ्घका अध्यक्ष प्रकाशशम्शेर राणा, महासचिव दीपराज गुरुङलगायत पदाधिकारी, राखेपका सदस्यसचिव टङ्कलाल घिसिङ र पलेशाका बुबा प्रदीपले आफ्ना अनुभव सुनाएका थिए ।

# श्रीलंका डेभलपमेन्ट स्क्वाडसँग नेपाल पराजित

**काठमाडौं (प्रस)–** नेपाली राष्ट्रिय क्रिकेट टिमले श्रीलंका डेभलपमेन्ट स्क्वाडविरुद्धको खेलमा हार बेहोरेको छ । श्रीलंका डेभलपमेन्ट स्क्वाडले नेपाललाई ५ विकेटले पराजित गरेको हो ।

नेपालले दिएको १६० रनको लक्ष्य पछ्याएको श्रीलंका डेभलपमेन्ट टिमले २६.५ ओभरमा ५ विकेट गुमाएर लक्ष्य पुरा गरेको थियो । यस अघि नेपालले पहिला ब्याटिंग गर्दै ४० ओभरमा १५९ रन बनाएर अल आउट भएको थियो । यस खेलमा नेपालका लागि सोमपाल कामीले कप्तानी गरेका छन् । नेपालले आइसीसी क्रिकेट विश्वकपको लिग - २ को तयारीका लागि श्रीलंकामा अभ्यास खेल्न गएपनि यसअघि मंगलबार र बुधबार खेल्ने भनिएका पहिलो र दोस्रो खेल बर्षाले रद्ध भएका थिए ।



श्रीलंकामा अभ्यास खेल खेल्न नेपालले १९ सदस्यीय टिम गएको छ । जसमा कप्तान रोहित पौडेल, आसिफ सेख , अनिल शाह, देव खनाल, भीम सार्की, आरिफ सेख, कुशल मल्ल, सोमपाल कामी, करण केसी, गुलशन झा, रिजन ढकाल, ललित राजबंशी, आकाश चन्द, सागर ढकाल, सन्दीप जोरा, कुशल भुर्तेल, अर्जुन साउद, दिपेन्द्र सिंह ऐरी र सन्दीप लामिछाने रहेका छन् । यस अभ्यास खेल पछि नेपालले क्यानडामा हुने आइसीसी क्रिकेट विश्वकप लिग-२ को सिरिज खेल्न त्यसतर्फ जाने छ ।

# लामाचौर भलिबलमा एपिएफलाई उपाधि

**पोखरा (प्रस)–** पोखरामा आयोजित लामाचौर भलिबल कपमा महिलातर्फ विभागीय एपीएफ क्लब विजयी भएको छ । शुक्रबार फाइनलमा न्यू डायमण्ड भलिबल टिमलाई ३-१ सेटमा हराउँदै एपीएफले उपाधिसहित १ लाख ५० पुरस्कार प्राप्त गरेको छ । उपविजेता डायमण्डले १ लाख प्राप्त गरेको छ । पहिलो र दोस्रो सेट आफ्नो पारेको एपीएफले तेस्रो सेट भने गुमाएको थियो। पहिलो सेट २५-२३, दोस्रो सेट २५-२३ सेटमा जितेको हो । तेस्रो सेट डायमण्डले २५-१३ मा जिते पनि चौथो सेटमा अथक प्रयासबिच पनि बराबरी खेल्न सकेन ।

चौथो सेट एपीएफले २५-१० मा जितेको हो । डायमण्ड लामाचौर कपको सुरूवाती संस्करणतिर सर्वाधिक सफल टिम भएपनि पछिल्लोपटक विभागीयको वर्चस्व रहँदै आएको छ । डायमण्डले २०६९ देखि लगातार ४ वर्ष उपाधिमाथि कब्जा जमाएको थियो । गलकोट तेस्रो भएकोमा गण्डकी पुछारमा रह्यो । महिलामा गत वर्ष नेपाल पुलिसले डायमण्डलाई हराएको थियो ।



# आरटी विवादमा रुसले अमेरिकी मिडियामाथि प्रतिबन्ध लगाउने



**मस्को–** क्रेमलिनले शुक्रबार रुसी लगानीमा रहेको समाचार नेटवर्क आरटीमाथि वासिङ्टनको प्रतिबन्धको जवाफमा रुसले अमेरिकी मिडिया आउटलेटहरूमा घरेलु प्रतिबन्ध लगाउने बताएको छ । मुलुकको आसन्न राष्ट्रपति चुनावलाई प्रभावित पार्ने लक्ष्यका साथ मस्कोले दुर्भावनापूर्ण अभियान चलाएको आरोप लगाउँदै संयुक्त राज्य अमेरिकाले बुधबार आरटीका दुई कर्मचारीलाई दोषी ठहर गरेको थियो ।

'समरूप प्रतिक्रिया सम्भव छैन, अमेरिकामा कुनै सरकारी समाचार एजेन्सी छैन र अमेरिकामा कुनै सरकारी टेलिभिजन छैन,' क्रेमलिनका प्रवक्ता दिमित्री पेसकोभले आरआइए नोभोस्ती समाचार एजेन्सीसँग भने, 'तर पक्कै पनि त्यहाँ उपायहरू हुने छन् जसले उनीहरूको मिडियालाई उनीहरूको जानकारी प्रसारण गर्न प्रतिबन्धित गर्ने छ ।'

रुसको कडा पकडको दुर्लभ स्वीकारोक्तिमा पेसकोभले युक्रेनमाथि आक्रमणका क्रममा मस्कोको अभूतवपूर्व सेन्सरसिपलाई पनि जायज ठहर गरे । उनले तास समाचार एजेन्सीलाई दिएको भिन्नै टिप्पणीमा भने, 'हामी जुन युद्धको अवस्थामा छौं त्यसमा प्रतिबन्ध जायज छ र सेन्सरसिप पनि जायज छ ।' उनले अमेरिकी मिडियाविरुद्ध रुसले कस्तो प्रतिबन्ध लगाउने भन्नेबारेमा बताएनन् ।

मस्कोले युक्रेनमा आक्रमण सुरु गर्दा द्वन्द्वमा स्वतन्त्र रिपोर्टिङलाई लक्षित गर्ने कानुनका बीच अधिकांश अमेरिकी मिडिया आउटलेटले रुसबाट आफ्ना कर्मचारी घटाए वा हटाए ।

अमेरिकी अर्थ मन्त्रालयले बुधबार प्रतिबन्ध लगाइएका १० व्यक्ति र दुई संस्थामा आरटीका प्रधानसम्पादक मार्गरिटा सिमोनियन र उनका डेपुटी एलिजाभेटा ब्रोडस्किया समावेश छन् । *रासस/एएफपी*

# केन्याको विद्यालयमा आगलागी १७ बालबालिकाको मृत्यु

**नैरोबी–** मध्य केन्याको एउटा विद्यालयको छात्रावासमा राति भएको आगलागीमा कम्तीमा १७ विद्यार्थीको मृत्यु भएको प्रहरीले शुक्रबार बताएको छ । प्रहरीका अनुसार न्येरी काउन्टीको हिलसाइड एन्डारासा एकेडेमीमा करिब मध्यरातमा आगलागी हुँदा बालबालिकाहरू सुतिरहेको एक शयनगृहमा आगोले समाएको थियो ।

'घटनामा १७ जनाको मृत्यु भयो र घाइते अन्यलाई अस्पताल पुऱ्याइएको छ,' राष्ट्रिय प्रहरीका प्रवक्ता रेसिला ओनयांगोले भने । प्रहरीले पीडितहरूको उमेर खुलाएको छैन । उनका अनुसार घटनास्थलमा फेला परेका शव चिन्न नसकिने गरी जलेका छन् । धेरै जना घाइते भएको र तीमध्ये १६ जना गम्भीररूपमा घाइते भएका छन् । उनीहरूलाई नजिकैको अस्पताल लगिएको छ ।

'घटनास्थल पूर्णरूपमा प्रशोधन गरिएपछि थप शव फेला पर्ने सम्भावना छ,' उनले भने । आगो के कारणले लागेको हो भन्नेबारे थाहा नभएको तर अनुसन्धान सुरु गरिएको उनले जानकारी दिए । *रासस/एएफपी*


## साउदीमा रोजगार

कम्पनी : ALI HASSAN AL-SANAD CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८०/१०/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/२१ | LT. No. 298499 | चलानी नं. ६०२१३५५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २९ गते (14th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd. श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

## कुवेतमा रोजगार

कम्पनी : DOH RESTAURANT & CAFE COMPANY
शहर : Qibla

पूर्व स्वीकृति मिति २०८१/०५/२० | LT. No. 310275 | चलानी नं. ६०२२४९००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee Shop) | 10 | 10 | 140 | ६१,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/helper | 15 | 9 | 100 | ४४,०१५ | | | | | | | |
| 3 | Cook General | 5 | 0 | 150 | ६६,०२५ | | | | | | | |
| 4 | Waiter/waitress | 10 | 10 | 120 | ५२,८२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २९ गते (14th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Namo Buddha Recruitment Pvt. Ltd.

Govt. License 1370/74/75

Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168, E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com,Website : www.namobuddharecruitment.com


# सुनिता विलियम्सलाई नलिई बोइङको स्टारलाइनर आइएसएसबाट पृथ्वीमा फर्कने

**वासिङ्टन डिसी–** बोइङको स्टारलाइनर अन्तरिक्ष यान शुक्रबार (स्थानीय समय) परिक्रमा गरिरहेको अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस) बाट अलग भएको छ ।

उक्त यान अन्तरिक्षयात्री सुनिता विलियम्स र बेरी विल्मोरलाई नलिई पृथ्वीमा फर्कने अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले बताएको छ । यानले शनिबार (स्थानीय समय) मा न्यु मेक्सिकोको ह्वाइट स्यान्डर्स स्पेस हार्बरमा अवतरण गर्ने लक्ष्य बनाएको छ । नासाका अन्तरिक्षयात्री बेरी 'बुच' विल्मोर र सुनिता 'सुनी' विलियम्स जुन ५ मा बोइङको स्टारलाइनर अन्तरिक्ष यानमा आफ्नो पहिलो चालक दलको उडानका लागि जुन ६ मा अन्तरिक्ष स्टेसनमा पुगेका थिए ।



दुवै अन्तरिक्षयात्री एउटै उडानबाट पृथ्वीमा फर्कने अपेक्षा गरिएको थियो । स्टारलाइन परिक्रमा प्रयोगशालामा पुग्दा नासा र बोइङले हिलियम चुहावट र अन्तरिक्ष यान प्रतिक्रिया नियन्त्रण थ्रस्टर्समा समस्याहरू भएको पहिचान गरे । त्यसैले अन्तरिक्षयात्रीहरूको सुरक्षाका लागि नासाले अगस्ट २४ मा स्टारलाइनर चालक दलविना स्टेसनबाट पृथ्वीमा फर्कने घोषणा गऱ्यो । बुच विल्मोर र सुनी विलियम्सले कार्गोका साथ स्टारलाइनर प्याकिङ र फिर्ताका लागि यसको क्याबिनलाई कनफिगर गर्ने काम पूरा गरे ।

नासाले दुवै अन्तरिक्षयात्रीलाई चालक दलविना प्रस्थानका लागि तयार गर्न बिहीबार दिउँसो अन्तिमपटक स्टारलाइनसको हयाच बन्द गऱ्यो । विल्मोर र विलियम्स अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमै रहने छन् र नासाको स्पेसएक्स क्रु-९ मिसनका लागि नियुक्त अन्य दुई चालक दलका सदस्यसँग स्पेसएक्स डर्यागन अन्तरिक्ष यानमार्फत सन् २०२५ फेब्रुअरीमा घर फर्कने छन् ।

स्पेसएक्स र बोइङ दुवै व्यावसायिक बिक्रेताहरू हुन् । यिनीहरूलाई नासाले अमेरिकी-प्रक्षेपण अन्तरिक्ष यात्रीहरूलाई अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा पठाउन जिम्मेवारी दिएको छ । *रासस/एएनआई*

# 'गाजामा विशुद्ध सैन्य दृष्टिकोण समाधान होइन'

**तेल अभिभ–** जर्मन विदेशमन्त्री एनालेना बेयरबकले शुक्रबार गाजा पट्टीमा हमासविरुद्ध इजरायलको युद्धको समाधान सैन्य दृष्टिकोणमात्र नभएको बताएका छन् ।

इजरायलको तटीय सहर तेल अभिवमा आफ्ना इजरायली समकक्षी इजरायल काट्जसँगको बैठकपछि पत्रकार सम्मेलनमा उनले भने, 'गत साताले गाजाको स्थितिका लागि विशुद्ध सैन्य दृष्टिकोण समाधान होइन भन्ने नाटकीय रूपमा देखाएको छ ।'

उनले आइतबार घोषित थप छ मृतक बन्धकहरूको बरामदबारे संकेत गरेका थिए । उनीहरूको मृत्युले इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुमाथि गाजा युद्धविराम र बन्धकको आदानप्रदान सम्झौताका लागि हमाससँग सम्झौता गर्न घरेलु दबाब बढाएको छ । यद्यपि दुवै पक्षले यसै साता रोकिएको वार्तालाई लिएर एकअर्कामाथि दोषारोपण गरेका छन् ।

बेयरबकले शुक्रबार 'अहिले युद्धविराम' को आह्वान गरे र पश्चिम किनारका बारेमा इजरायली अधिकारीहरूको आक्रामक वयानविरुद्ध कुरा गरे । पश्चिम किनारमा अगस्ट २८ मा इजरायली सेनाले धेरै सहरमा गरेको आक्रमणमा कम्तीमा ३६ जनाको मृत्यु भएको थियो ।

इजरायलका अति दक्षिणपन्थी राष्ट्रिय सुरक्षामन्त्री इतामार बेन-गभिरले शुक्रबार एक्समा पोस्ट गर्दै नेतान्याहुसँग पश्चिम किनारमा हमास र अन्य लडाकु संगठनहरूको हारलाई युद्धको उद्देश्यमध्ये एक बनाउन भनेको बताए । 'इजरायली सरकारका सदस्य आफैंले गाजाको जस्तै पश्चिम किनारमा पनि सोही दृष्टिकोणको आह्वान गर्दछ भने यसले वास्तवमा इजरायलको सुरक्षालाई गम्भीर रूपमा जोखिममा पुऱ्याउँछ,' बेयरबकले भने ।

सन् १९७२ को ओलम्पिक खेलकुद हत्याको वार्षिकीका अवसरमा म्युनिखको इजरायली वाणिज्य दूतावासमा असफल 'आतंकवादी आक्रमण' का रूपमा व्यवहार गर्ने क्रममा उनीहरूमाथि गोली चलाउने एक व्यक्तिलाई जर्मन प्रहरीले गोली हानेर मारेको एक दिनपछि मन्त्री बेयरबकको उक्त टिप्पणी आएको हो । आफूले काट्जसँग 'गहिरो र पूर्ण ऐक्यबद्धता' व्यक्त गरेको उनले बताए । 'यो भयानक अवस्था हो, विशषगरी म्युनिख सन् १९७२ को वार्षिकीमा यो हाम्रा लागि भयानक क्षण हो,' उनले भने । *रासस/एएफपी*


## साउदीमा रोजगार

कम्पनी : JOUNA FACTORY CO. FOR BREAD & SWEETS

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ | LT. No. 309650 | चलानी नं. ६०२२४७५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 1 | 0 | 2000 | ७१,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २९ गते (14 th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.

श्रम ईजाजत नं. ३११/०५९/०६०

वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३

## कतारमा रोजगार

कम्पनी : TRANS DELTA STEEL WORKS W.L.L

पूर्व स्वीकृति मिति : २०८१/०५/२० | LT. No. 310030 | चलानी नं.६०२२४८३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1500 | ५५,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २९ गते (14th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Star Bridge HR Solution Pvt.Ltd.

Govt. License 1592/079/080

Samakhusi, Town Planning-26, Ktm. Nepal,
Tel. No.: +977-01-5919160, E-mail: starbridgehrsolutan124@gmail.com

## युएईमा रोजगार

कम्पनी : SOBHA CONSTRUCTION L.L.C
शहर : Dubai

पूर्व स्वीकृति मिति २०८१/०५/२० | LT. No. 310328 | चलानी नं. ६०२२४८९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chargehand | 10 | 0 | 1500 | ५४,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 5 | 0 | 1500 | ५४,८९५ | | | | | | | |
| 3 | General Helpers | 10 | 0 | 1000 | ३६,६०० | | | | | | | |
| 4 | Mason (Block, Tile) | 50 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 5 | Scaffolder | 25 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 6 | Shuttering Carpenters | 50 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 7 | Steel Fixer | 50 | 0 | 1200 | ४४,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
नाइल ट्रेनिङ सेन्टर, काठमाडौंमा मिति: २०८१ भदौ २८/असोज २ र ८ गते (13/19/24 Sep. 2024) मा हुनेछ ।
जनकपुर, बिएम ट्रेनिङ सेन्टरमा मिति: २०८१ भदौ २९ गते (14th Sep. 2024) मा हुनेछ ।
इटहरीमा मिति: २०८१ भदौ ३० गते (15th Sep. 2024) मा हुनेछ ।
जनकपुर, राम जानकी ट्रेनिङ सेन्टरमा मिति: २०८१ भदौ ३१ गते (16th Sep. 2024) मा हुनेछ ।
बिर्तामोड, अन्जली ट्रेनिङ सेन्टरमा मिति: २०८१ असोज २ गते (18th Sep. 2024) मा हुनेछ ।
चितवन, कालिका ट्रेनिङ सेन्टरमा मिति: २०८१ असोज ४ गते (20th Sep. 2024) मा हुनेछ ।
नेपालगञ्जमा मिति: २०८१ भदौ ५ र ७ गते (21/23 Sep. 2024) मा हुनेछ ।
बट्वल, तिलोत्तमा ट्रेनिङ सेन्टरमा मिति: २०८१ भदौ ६ गते (22 Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


YOUTH MANPOWER PVT.LTD.

License No.: 757/064/065

Sinamangal-9, Kathmandu, Nepal, Tel: 01-4566055, 4466966, Birtamode Branch 023591554
E-mail : youthmanpower757@gmail.com, info@youthmanpower.com, Mobile: 9851090996 /9809393801/9809393802


# पश्चिम किनारबाट इजरायली सेना फिर्ता

**जेनिन (प्यालेस्टिनी अधीनस्थ क्षेत्र)–** इजरायली सेना १० दिनको अपरेसनपछि शुक्रबार जेनिन सहर र त्यहाँका शरणार्थी शिविरबाट हटेको प्रत्यक्षदर्शीहरूले बताएका छन् । कब्जा गरिएको पश्चिम किनारमा भएको इजरायली आक्रमणमा ३६ जनाको मृत्यु भएको थियो । बख्तरबन्द सवारी र बुलडोजरको सहयोगमा सेनाले विनासकारी आक्रमण गरेको धेरै दिनपछि भागेका बासिन्दाहरू शिविरमा फर्केका छन् ।

उक्त क्षेत्र इजरायलविरुद्ध लड्ने प्यालेस्टिनी सशस्त्र समूहको गढ थियो । अगस्ट २८ मा सेनाले जेनिनलगायत उत्तरी पश्चिम किनारका धेरै सहर र गाउँमा सैन्य अभियान चलाएको थियो । 'जेनिन क्षेत्रमा आतंकवाद विरोधी गतिविधि सञ्चालन गरिरहेको,' इजरायली सेनाले फिर्ताको बारेमा पुष्टि नगरी शुक्रबार विज्ञप्तिमा बताएको छ, 'आतंकवाद विरोधी अभियानको उद्देश्य हासिल गर्न इजरायली सुरक्षा बलले लगातार कारबाही गरिरहेको छ ।'

जेनिनमा भएको अपरेसनमा १४ लडाकुको मृत्यु भएको, संदिग्ध ३० जनालाई पक्राउ गरेको, सडकमुनि राखिएका करिब ३० वटा विष्फोटक पदार्थ नष्ट गरिएको र चार वटा हवाई आक्रमण गरिएको सेनाले बताएको छ ।

अधिकांश प्यालेस्टिनीको मृत्यु भएको जेनिनमा एक इजरायली सैनिकको पनि मृत्यु भएको छ । अक्टोबर ७ मा दक्षिणी इजरालयमा आक्रमण गरेर गाजामा जारी युद्धलाई जन्म दिएको हमास र प्यालेस्टिनी इस्लामिक जिहादले मारिनेहरूमा कम्तीमा १४ लडाकु रहेको बताएका छन् । जेनिन शिविरका धेरै घर बुलडोजरहरूले क्षतिग्रस्त वा नष्ट भएका छन् । इजरायली बख्तरबन्द सवारीहरू फिर्ता भएपछि शुक्रबार बासिन्दाहरूले भग्नावशेष सफा गर्न आफ्नै बुलडोजर प्रयोग गरिरहेको एएफपीका पत्रकारहरूले बताएका छन् ।

फर्किने बासिन्दाहरूको प्रारम्भिक चाल भीडमा परिणत भयो र चाँडै नै बालबालिकाहरू सडकमा खेल्न थाले । इजरायलले सन् १९६७ देखि पश्चिम किनारलाई कब्जा गरेको छ र उसका सेनाले नियमित रूपमा प्यालेस्टिनी समुदायमाथि आक्रमण गर्दछ । अक्टोबर ७ मा गाजामा युद्ध सुरु भएपछि इजरायली सेनाले पश्चिम किनारमा गरेको आक्रमणमा कम्तीमा छ सय ६१ प्यालेस्टिनीको मृत्यु भएको छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोहखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५३३०० | प्रति तोला - - | प्रति तोला - १७९५ |



**जहाज रेस्टुरेन्ट** | लमजुङ दरबार जाने बाटो छेउमा रहेको लमजुङ बैँसीसहर-३ दनाई गाउँ नजिकै एक स्थानीयले ग्राहकलाई आकर्षण गर्न जहाजको बडीभित्रै रेस्टुरेन्ट सञ्चालन गर्दै र पृष्ठभूमिमा देखिएको बैँसीसहर बजार । *तस्बिर: जनक श्रेष्ठ/रासस*

## ‘पूर्वपरामर्श गरेर मात्र बहुवर्षीय ठेक्का प्रक्रिया अघि बढाउनू’

■ प्रभाव संवाददाता

**काठमाडौं-** अर्थ मन्त्रालयले पूर्व परामर्श गरेर मात्र बहुवर्षिय ठेक्का सहमतिको प्रकृया अघि बढाउन विषयगत मन्त्रालयहरू र सम्बन्धित निकायहरूलाई पत्राचार गरेको छ । अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले चालु आर्थिक वर्षको बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउन अर्थ मन्त्रालयले विभिन्न मन्त्रालयहरू र निकायहरूलाई पत्रकार गरेको जानकारी दिए ।

अर्थ मन्त्रालयले चालु आर्थिक वर्षमा बहुवर्षिय ठेक्का सहमति माग गर्नु अघि उच्च प्राथमिकताको तत्काल नतिजा देखिने तथा तुलनात्मक रूपमा बढी रकम विनियोजन भएका आयोजनाहरूको सुची तयार पारी प्राथमिकीकरण गर्न आग्रह गरेको छ ।



यसैगरी गत आर्थिक वर्षमा बहुवर्षिय खरिद प्रकृयामा गइ आगामी वर्षमा भुक्तानी दायित्व सिर्जना हुने आयोजना र दायित्वको रकमको विवरण समेत अद्यावधिक गरी उपलब्ध गराउन आग्रह गरेको छ ।

पत्राचारमा आगामी आर्थिक वर्षका लागि मध्यमकालीन खर्च संरचना अन्तर्गत कति प्रतिशत रकम बहुवर्षिय दायित्वमा रहने हो त्यसको एकिन गरी निर्णय गर्नुपर्ने उल्लेख छ ।

अर्थ मन्त्रालयले गत आर्थिक वर्षमा आयोजना सम्पन्न भएको, बजेट विनियोजन भएको रकम फ्रिज भएको वा अर्थ मन्त्रालमा रकमान्तर माग गरेकोमा निर्णय हुन नसकेको, चालु आर्थिक वर्षमा उक्त आयोजना तथा कार्यक्रम समावेश नभएको कारणले भुक्तानी दायित्व बाँकी रहेको विवरण र त्यसको व्यस्थापन गर्न सकिने स्रोतको विवरण तयार पारी उपलब्ध गराउन पनि आग्रह गरेको छ ।

चालु आर्थिक वर्षको बजेटमा समावेश भएका आयोजना, कार्यक्रम तथा क्रियाकलापमा बजेट नपुग भएकोमा स्रोत सुनिश्चतता वा थप निकासका लागि अनुरोध गर्दा मन्त्रालय मातहतकै विनियोजनबाट रकमान्तर गरी स्रोत व्यवस्थापन गर्ने विकल्पसहित पठाउन समेत आग्रह गरेको छ ।

त्यसैगरी चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम बजेटमा समावेश भएका आयोजना तथा कार्यक्रम मध्ये पूर्व तयारी पूरा नभएका, तत्काल कार्यान्वयनमा लैजान सम्भव नभएका, लागतको तुलनामा अतिकम बजेट विनियोजन भएका कारण खर्च प्रभावकारी नहुने प्रकृतिका आयोजना तथा कार्यक्रम पहिचान गरी तिनीहरूको कार्यान्वयन तत्कालका लागि स्थगित गरिएको विवरण उपलब्ध गराउन पनि पत्राचार गरेको छ ।

अर्थ मन्त्रालयले आर्थिक वर्षको बजेट कार्यान्वयन मार्ग दर्शनको बुँदा नं. ५० बमोजिम भुक्तानी भएको रकम र सो अनुरूप भुक्तानी गर्न अपुग हुने रकमको विवरणका साथै त्यसरी गत आर्थिक वर्षको दायित्व भुक्तानी गरेको कारण चालु आर्थिक वर्षमा सोही आयोजनालाई थप आवश्यक पर्ने बजेट र सो व्यवस्थापन गर्न रकमान्तर गर्न सकिने स्रोतको विवरण उपलब्ध गराउन पनि पत्राचार गरेको छ ।

## ‘नयाँ सरकार बनेसँगै लगानीको वातावरण बन्दै’

■ प्रभाव संवाददाता

**काठमाडौं-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नयाँ सरकार गठन भएसँगै मुलुकमा लगानीको वातावरण सृजना भएको बताएका छन् । मिडिया स्पेस प्रालिले भृकुटीमण्डपमा आयोजना गरेको ‘तेस्रो नेपाल पावरलाइट एण्ड इलेक्ट्रिक प्रदर्शनी’को उद्घाटन गर्दै उहाँले नयाँ सरकार गठनसँगै आर्थिक, सामाजिक र राजनीतिक रूपमा विश्वसनीय वातावरण सृजना भएको बताएका हुन् ।

‘दुई ठूला राजनीतिक दल मिलेर वर्तमान सरकार निर्माण भएको छ, नयाँ सरकारलाई नागरिकले समेत विश्वासमा लिएका छन्, यो सरकारले मुलुकमा लगानीको वातावरण सृजना गर्छ’, उनले भने । वर्तमान सरकारलाई आर्थिक हिसाबले मुलुकलाई अगाडि बढाउने जिम्मेवारी रहेको उनको भनाइ थियो ।

ऊर्जामन्त्री खड्काले वर्तमान सरकार, स्थायी सरकार भएकाले ढुक्क भएर लगानी गर्नसमेत आग्रह गरे । धेरै कम्पनीलाई एकै ठाउँमा राखेर मेला सञ्चालन भएकाले यस्ता मेलाले मुलुकको आर्थिक गतिविधि चलायमान बनाउने मन्त्री खड्काले बताए ।

उनले विद्युतीय उपकरणसम्बन्धी मेलाले मुलुकमा जलविद्युत् क्षेत्रको आन्तरिक खपत बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । मुलुकले आगामी १० वर्षमा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेकाले निजी क्षेत्रको साथ र सहयोग आवश्यक रहेको उनले उल्लेख गरे । प्रदर्शनीले विद्युत्को आन्तरिक खपत बढाउने र घरायसी कामका लागि समय बचत हुने उनको भनाइ थियो ।

मन्त्री खड्काले ऊर्जा क्षेत्रको विकासका बाधक रहेका नीति नियमको परिमार्जन र संशोधन सरकारले गरिरहेको बताए । तीन दिनसम्म चल्ने मेलामा स्वदेश र विदेशका ९० भन्दा बढी स्टल रहेको मिडिया स्पेसका सञ्चालक श्रीजल भट्टराईले जानकारी दिए ।

## विश्व बैंकका पदाधिकारी र गृहमन्त्रीबीच भेटवार्ता

**काठमाडौं (प्रस)–** नेपालका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक डेभिड सिस्लेनसहितका पदाधिकारीले शुक्रबार गृहमन्त्री रमेश लेखकसँग भेटवार्ता गरेका छन् । गृहमन्त्रीको कार्यकक्षमा भएको भेटमा विश्व बैंकले नेपालका विभिन्न परियोजनामा गरेको लगानीबारे छलफल भएको थियो ।

गृहमन्त्री लेखकले विसं २०७२ को भूकम्पपछिको पुनःनिर्माणमा विश्व बैंकको ऋण तथा प्राविधिक सहयोगले पुनःनिर्माणमा सहयोग पुगेको बताएका थिए । विश्व बैंकले नेपाललाई ऋण दिँदा पूरा गर्नुपर्ने विभिन्न कार्यमध्ये पूर्वकार्य गर्नु बाँकी रहेको विषयमा सिस्लेनले चासो राखेका थिए ।

‘ऋणको अन्तिम किस्ता लिनुपूर्व गर्नुपर्ने पूर्वकार्य बाँकी छ । विपद् संवेदनशील सामाजिक सुरक्षा तथा अनुदान वितरण मापदण्ड पास गरिसकेपछि ऋणको अन्तिम किस्ता दिने गरिन्छ । विपद् व्यवस्थापनका क्षेत्रमा नेपाललाई चाहिने वित्तीय सहयोग गर्न तयार छौं’, उनले भने । गृहमन्त्री लेखकले आफ्नोतर्फबाट गर्नुपर्ने काममा कुनै ढिलाइ नहुने उल्लेख गर्दै विश्व बैंकले गर्दै आएको सहयोगका लागि धन्यवाद दिए ।

## दसैंका लागि चलनचल्तीकै सुकिलो नोट साट्न पाइने

**काठमाडौं-** नेपाल राष्ट्र बैंकले यसपटकको दसैँमा सर्वसाधारणका लागि हाल प्रयोग गरिरहेकै चलनचल्तीका योग्य नोट सटही दिने भएको छ । राष्ट्र बैंकले विगतका वर्षहरूमा नयाँ नोटको सटही दिने गरेको थियो । यसपटक भने प्रयोगमा आइसकेका सुकिलो वा सफा नोट साट्न पाइने नेपाल राष्ट्र बैंकका सहायक प्रवक्ता डा डिल्लीराम पोखरेलले जानकारी दिए ।

‘नोट सटहीका लागि विगत वर्षहरूमा हामीले जसरी दिइरहेका छौँ, त्यसमा केही परिवर्तन भएको छैन । तर यस वर्ष नयाँ नोट नभई सफा र सुकिलो नोट सटही गर्ने निर्णय भएको छ’, पोखरेलले भने, ‘सुकिलो बैंक नोट कहाँ, कैले, कसरी, कति सटही पाइन्छ ? जस्ता विषयमा राष्ट्र बैंकले चाँडै सूचना सार्वजनिक गर्नेछ ।’ सफा र सुकिलो नोटको मौज्दात रहुञ्जेलसम्म नयाँ नोटको सटही नदिने निर्णय राष्ट्र बैंक व्यवस्थापनले गरेको हो । सटही दिएका नोटको अधिक माग हुने र सटही व्यवस्थापनसमेत झण्झटिलो हुने गरेको थियो ।

दसैँको मुखमा सटही गरिएका नोट उक्त चाडबाड सकिएपछि बैंक तथा वित्तीय संस्थामा फिर्ता आउने र तत्पश्चात ती नोटको माग ज्यादै न्यून हुने भएकाले ढुकुटीमा लामो समय थन्क्याएरै राख्नुपर्ने अवस्था रहने नेपाल राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभागका निर्देशक वासुदेव भट्टराई बताउँछन् । ‘विगतका दसैँमा सटही गरिएका नोटको दुईदेखि झण्डै तीन गुणासम्म सुकिला नोट राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाका ढुकुटीमा छन् । ती नोट ढुकुटीमा राखिराख्दा गल्ने, सड्ने, बिग्रने तथा कुहिने अवस्था सृजना हुनुभन्दा तिनै नोटको सटही व्यवस्था गर्नु उपयुक्त हो’, उनले भने ।

नेपाली नोटको कागज ‘कटन बेस्ड’ हुने र लामो समय प्रयोगविहीन भई ढुकुटीमा भण्डारण हुँदा ती नोटमा चिसो, ओस तथा अपर्याप्त हावा र प्रकाशका कारण ढुसी आउने गर्दछ । यस्तो हुँदा नोटको आयुसमेत घट्दै जाने भई पुनःप्रयोग गर्न अयोग्य हुन सक्दछ । साथै, बजारमा कारोबारका लागि नगद नोट जति धेरैको हातहातमा पुगेर बैंकमा फिर्ता आयो त्यति नै नोटको प्रभावकारी उपयोग भएको मानिन्छ । यसकारण नोटको छपाइ, भण्डारण, ओसारपसार र धुल्याउनेजस्ता बैंक नोट व्यवस्थापनका आधारभूत कार्यहरूलाई मितव्ययी एवं प्रभावकारी बनाउनसमेत सुकिलो नोटको उपयोग बढाउनु आवश्यक रहेको निर्देशक भट्टराईले बताए ।

चाडबाडका समयमा मुख्यतयाः रु ५, १०, २०, ५० र १०० दरका नोटहरूको माग अत्यधिक हुने गरेको छ । साना दरका यस्ता नोटको होल्डिङ लागतसमेत न्यून हुने हुँदा सर्वसाधारण तथा व्यावसायिक क्षेत्रले आवश्यकताभन्दा बढी नोट सटही गरी क्रमशः कारोबारको आवश्यकता पूरा गर्ने तथा घरमै राख्ने प्रचलन रहेको पाइन्छ । रु पाँच सय र एक हजार दरका नोटको हकमा भने बजारमा वृद्धि हुने चाडबाडलक्षित कारोबार अनुरूप माग हुने गरेको छ ।

> चाडबाडका समयमा मुख्यतयाः रु ५, १०, २०, ५० र १०० दरका नोटहरूको माग अत्यधिक हुने गरेको छ । साना दरका यस्ता नोटको होल्डिङ लागतसमेत न्यून हुने हुँदा सर्वसाधारण तथा व्यावसायिक क्षेत्रले आवश्यकताभन्दा बढी नोट सटही गरी क्रमशः कारोबारको आवश्यकता पूरा गर्ने तथा घरमै राख्ने प्रचलन रहेको पाइन्छ ।

देशभर नोटको आपूर्ति गर्ने र पुराना तथा मैला नोटहरूलाई खिचेर प्रतिस्थापन गर्दै जाने कार्य नेपाल राष्ट्र बैंकअन्तर्गतको मुद्रा व्यवस्थापन विभागबाट हुँदै आएको छ । मुलुकभर सफा नोट प्रचलनमा ल्याउने उद्देश्यले राष्ट्र बैंकले आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिमार्फत ‘सफा नोट नीति’ ल्याएको थियो । आार्थिक कारोबारको सिलसिलामा बजारमा सफा नोटमात्र प्रयोग गर्ने र कारोबारको क्रममा पुराना मैला नोट खिचेर जलान गर्ने नीतिगत व्यवस्था नै सफा नोट नीति हो । बैंक नोट छपाइको काम अन्तर्राष्ट्रिय टेण्डर प्रक्रियाबाट विदेशमा हुने गरेको छ । नोट छपाइमा विदेशी मुद्राको ठूलो राशि खर्च हुने भएकाले त्यसमा कमी ल्याउन पनि नोट सफा राखिराख्नु आवश्यक छ ।

चलनचल्तीमा गुणस्तरीय, विश्वस्त र सफा नोटमात्र चलनचल्तीमा ल्याउने तथा मक्किएका, च्यातिएका, गलेका पुराना तथा मैलो नोटहरू प्रशोधन तथा जलानमार्फत चलनचल्तीबाट हटाउँदै लैजाने काम राष्ट्र बैंकले गर्दै आएको छ । बैंक तथा वित्तीय संस्थामा रहेका नोटलाई गुणस्तर हेरी वर्गीकरण गरेर राख्नुपर्ने व्यवस्था रहेको र यसलाई कार्यान्वयन गरे/नगरेकोबारे राष्ट्र बैंकले अनुगमनसमेत गर्ने गरेको सहायक प्रवक्ता पोखरेलले बताए । उनका अनुसार बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थामा प्राप्त हुन आएका नोटलाई एटिएमलगायतका मेसिनहरूको माध्यमबाट चलनचल्तीमा पठाउन योग्य, काउन्टरबाट भुक्तानी गरी चलनचल्तीमा पठाउनयोग्य र चलनचल्तीमा पठाउन अयोग्य गरी नोटलाई तीन वर्गमा छुट्याउनुपर्ने व्यवस्था छ । बैंक नोटको अवस्थाअनुसार त्यसलाई छुट्याएको/नछुट्याएको विषयमा राष्ट्र बैंकले अनुगमन गर्ने गरेको सहप्रवक्ता पोखरेल बताउँछन् । एटिएमलायत मेसिनको माध्यमबाट चलनचल्तीमा पठाउन योग्य नोटको प्याकेटमा हरियो रङको, काउन्टरबाट भुक्तानी गरी चलनचल्तीमा पठाउनयोग्य नोटको प्याकेटमा सेतो रङ र चलनचल्तीमा पठाउन अयोग्य नोटको प्याकेटमा रातो रङको स्लिप प्रयोग गर्नुपर्ने व्यवस्था छ ।

झुत्रिएको, मक्किएको, जलेको, गलेको, लुलो भएको, कीराले खाएको, पानीले भिजेको, छपाइ बिग्रेको, नोटमा रहेका अक्षर अङ्क, चित्र तथा सुरक्षण विशेषताहरू नबुझिने वा बिग्रिने गरी रङ लागेको, लेखिएको, कोरिएको, मेटिएको, च्यातिएको वा पूर्वराजाको तस्बिरअङ्कित नोटलाई पुनः निष्काशन अयोग्य नोटका रूपमा वर्गीकरण गरी नेपाल राष्ट्र बैंकले नष्ट गर्ने गरेको छ ।

टीका लगाई दक्षिणा दिँदा, पूजाआजा गर्दा वा अन्य कुनै धार्मिक वा सांस्कृतिक कार्य गर्दा रङ लागेको वा मैलिएका हातहरूले नोट छुँदा त्यस्ता नोट चलनचल्तीमा आउँदैनन् । नोट राष्ट्रको सम्पत्तिसमेत भएकाले यसमा रङरू लगाउने, लेख्ने वा केरमेट गर्ने, नोटको आकार बिगार्नेजस्ता कार्य गरी नेपाली नोटको दुरूपयोग गर्ने/गराउनेउपर कारबाही गर्न सकिने व्यवस्था रहेको छ । मुलुकी अपराध संहिता, २०७४ मा परिच्छेद २२ मा मुद्रासम्बन्धी कसुरसम्बन्धी व्यवस्था गरिएको छ । दफा २६३ मा बैंक नोट वा सिक्का जलाउन, गाल्न, च्यात्न वा बैंक नोटमा लेख्न नहुने व्यवस्था रहेको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ